# नेपाल नागरिक उड्डयन प्राधिकरण
# नागरिक उड्डयन नियमावली, २०५८

**नेपाल नागरिक उड्डयन प्राधिकरण**

प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल ।

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# नागरिक उड्डयन नियमावली, २०५८

नेपाल सरकारबाट स्वीकृत मिति २०५८/१२/८
(पहिलो संशोधन स्वीकृत मिति २०७०/२/३०)
(दोश्रो संशोधन स्वीकृत मिति २०७०/९/१४)
(तेश्रो संशोधन स्वीकृत मिति २०७४/४/२२)


<u>प्रकाशक :</u>
**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**प्रधान कार्यालय**
**बबरमहल, काठमाडौं**

## विषय सूची

### परिच्छेद - १
### प्रारम्भिक


| | | |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |


### परिच्छेद - २
### वायु सेवा सञ्चालन सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| ३. | अनुमति तथा प्रमाणपत्र नलिई वायुसेवा सञ्चालन गर्न नहुने | ३ |
| ४. | वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र | ३ |
| ४क. | स्वामित्व परिवर्तनको जानकारी गराउनु पर्ने | ४ |
| ५. | अनुमति तथा प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था | ४ |
| ६. | वायुसेवा सञ्चालन प्रमाणपत्र तथा अनुमतिपत्र निलम्वन वा रद्द गर्ने | ५ |
| ६क. | वार्षिक सुरक्षा अडिट गर्नु पर्ने | ५ |
| ६ख. | प्राधिकरणको पूर्व कर्मचारीको सेवा लिने सम्बन्धमा | ६ |
| ६ग. | विदेशी वायुयानको उडान सुरक्षा सुपरिवेक्षण सम्बन्धी व्यवस्था | ६ |


### परिच्छेद - ३
### वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| ७. | दर्ता नभएको वायुयान उडाउन नहुने | ७ |
| ८. | वायुयान दर्ता | ७ |
| ९. | भाडा (लिज) मा वायुयान लिने वा दिने सम्बन्धी व्यवस्था | ८ |
| ९क. | आपसी समझदारीमा नियमनको दायित्व पालना गर्न गराउन सकिने | ८ |
| १०. | वायुयान दर्ता नामसारी | ९ |
| १०क. | वायुयानको दर्ता परिवर्तन | १० |
| ११. | वायुयान दर्ता नगरिने | १० |
| ११क. | वायुयान रोक्का र फुकुवा सम्बन्धी व्यवस्था | १० |
| १२. | टाइप प्रमाणपत्र | ११ |
| १३. | वायुयानको दर्ता खारेजी | ११ |
| १४. | राष्ट्रिय चिन्ह अंकित नभएको वायुयान उडान तथा सञ्चालन गर्न नहुने | ११ |
| १५. | वायुयानको राष्ट्रिय चिन्ह : | १२ |


### परिच्छेद - ४
### उडान योग्यता (एयर वर्दिनेश) सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| १६. | उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयर वर्दिनेश) | १३ |
| १७. | उडान योग्यताको स्तर | १३ |
| १८. | उडान योग्यताको प्रमाणपत्र सम्बन्धी व्यवस्था | १३ |
| १९. | उडान योग्यताको प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था | १३ |
| २०. | उडान योग्यताको प्रमाणपत्र खारेज वा निलम्वन | १४ |
| २१. | वायुयान बाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एयर वर्दिनेश) | १४ |


### परिच्छेद - ५
### वायुयानको मर्मत तथा संभार सम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| २२. | मर्मत, संभार नगरी वायुयानको उडान तथा सञ्चालन गर्न नहुने | १५ |
| २३. | वायुयानको मर्मत तथा संभार | १५ |
| २४. | अनुमति वा मान्यता प्राप्त संस्थाबाट मात्र मर्मत तथा संभार गर्नु पर्ने | १५ |
| २५. | वायुयान मर्मत संभार अभिलेख | १६ |
| २६. | नियमित निरीक्षण | १६ |
| २७. | लग बूक | १७ |
| २८. | वायुयान तथा वायुयानको पार्टपूर्जाको उत्पादन, मर्मत तथा परीक्षण संभार सहितको विस्तृत मर्मत (ओभरअल) गर्ने संस्था सम्बन्धी व्यवस्था | १७ |
| २९. | वायुयान तथा वायुयानको पार्टपूर्जाको उत्पादन, मर्मत तथा परीक्षण संभार सहितको विस्तृत मर्मत (ओभरअल) गर्ने संस्थाको अनुमति स्थगित वा रद्द गर्ने | १८ |
| ३०. | वायुयानको पार्टपूर्जा आयात, निर्यात, संचय तथा बिक्री बितरण गर्ने संस्था तथा एजेन्ट सम्बन्धी व्यवस्था | १८ |

## परिच्छेद - ६
## व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था


३१. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग प्रमाणपत्र प्राप्त नगरी काम गर्न नहुने १९
३२. व्यक्तिगत इजाजतपत्र (पर्सनल लाइसेन्सिङ्ग) रेटिङ्ग तथा प्रमाणपत्र जारी गर्ने अधिकारी २०
३२क. सेवा प्रदायक संस्थाले प्रमाणपत्र जारी गर्न सक्ने २१
३३. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र पाउनको लागि आवश्यक योग्यता २१
३४. स्वास्थ्य सम्बन्धी योग्यता २२
३५. स्वास्थ्य परीक्षण तथा जाँच २२
३६. परीक्षा र तत्सम्बन्धी कार्यविधि २३
३७. इजाजतपत्र, रेटिङ्ग तथा अन्य प्रमाणपत्र र शुल्क २४
३७क. प्राधिकरणको बहालवाला कर्मचारीको शुल्क प्राधिकरणले व्यहोर्ने २४
३८. इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको अवधि २४
३९. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको नवीकरण सम्बन्धी व्यवस्था २५
४०. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको निलम्वन वा रद्द गर्ने सम्बन्धी व्यवस्था २५
४०क. प्रतिलिपि इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी व्यवस्था २६
४०ख. थकान (फेटिग) मा काममा लगाउन नहुने २६
४१. व्यक्तिगत इजाजतपत्र/रेटिङ्ग तथा प्रमाणपत्र सम्बन्धी व्यवस्थामा छुट दिन सक्ने २६


## परिच्छेद–७
## हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था, वायुयान सिमुलेटर तथा बिभिन्न नागरिक उड्डयन विषयगत ग्राउण्ड कक्षा सञ्चालन सम्बन्धी व्यवस्था


४२. हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्रको लागि दरखास्त दिने २७
४२क. विदेशी हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको मान्यता सम्बन्धी व्यवस्था २७
४३. विभिन्न नागरिक उड्डयन विषयगत ग्राउण्ड कक्षा सञ्चालन संस्था सम्बन्धी व्यवस्था २८
४३क. उडान प्रशिक्षण लिन पूर्व स्वीकृति लिनु पर्ने २८
४४. प्रशिक्षण संस्था सञ्चालन गर्ने अनुमतिपत्र रद्द वा निलम्वन गर्ने २९
४४क. अनुमति तथा प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था २९
४५. प्रशिक्षण संस्था तथा सिमुलेटर अनुमति २९


## परिच्छेद–८
## मान्यता दिने तथा मान्यता फिर्ता लिने सम्बन्धी व्यवस्था


४६. टाइप प्रमाणपत्रको मान्यता ३०
४७. हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता ३१
४८. हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने ३१
४९. वायुयान मर्मत तथा संभार संस्थाको मान्यता ३१
५०. वायुयान मर्मत तथा संभार संस्थाको मान्यता फिर्ता लिन सकिने ३२
५१. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको मान्यता ३२
५२. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने ३३
५३. वायुयान, वायुयानको पार्टपूर्जा आयात, संचय, ओभरहल तथा बिक्री बितरण गर्ने प्रमाणपत्रको मान्यता ३३


## परिच्छेद–९
## उडान, अवतरण, विमानस्थल प्रयोग र रुट सेक्टर अनुमति सम्बन्धी व्यवस्था


५५. उडान अनुमति नलिई वायुयान उडान गर्न नहुने ३४
५६. उडान अनुमति लिनु पर्ने ३४
५६क. उडानका लागि विशेष शर्त आवश्यक पर्ने ३५
५७. विमानस्थल सञ्चालन तथा उडान अनुमति सम्बन्धी व्यवस्था ३५
५७क. एयर ट्राफिक सेवा सम्बन्धी व्यवस्था ३६
५७ख. एरोनटिकल इन्फर्मेसन सेवा सम्बन्धी व्यवस्था ३६
५७ग. हवाई मार्ग सम्बन्धी व्यवस्था ३६
५७घ. हवाई भाडा दर अनुगमन गर्ने ३७
५८. उडान अनुमति नदिइने ३७
५९. अनुमति दिएको उडान बाहेक अन्य उडान गर्न नहुने ३७
६०. एक कामको लागि निर्मित वायुयान अर्को कामको लागि उडान गर्न नहुने ३७
६०क. वायुयानमा राख्नु पर्ने उपकरण सम्बन्धी व्यवस्था ३७
६१. हवाई उडान तथा वायुयानसँग सम्बन्धित कागजात साथमा राख्नु पर्ने ३८
६१क. इन्टरसेप्सन आदेश पालना गर्नु पर्ने ३८
६२. निषेधित क्षेत्रमा वायुयान उडान गर्न नहुने ३८
६३. तोकि दिएको स्थान बाहेक अन्य स्थानमा वायुयान प्रवेश, प्रस्थान तथा उडान गर्न नहुने ३८
६४ तत्काल वायुयानको उडान रोक्न सकिने ३८

**परिच्छेद–१०**

**हवाई उडान सुरक्षात्मक सञ्चालन सम्बन्धी व्यवस्था**


| | | |
|---|---|---|
| ६५. | प्रमुख वायुयान चालक (पाइलट इन कमाण्ड) सन्तुष्ट हुनु पर्ने | ३९ |
| ६६. | जीवनोद्धार सामग्रीको अभावमा वायुयान उडान गर्न नहुने | ३९ |
| ६७. | अग्नि निवारण सामग्री तथा उपकरणको अभावमा वायुयान उडान गर्न नहुने | ३९ |
| ६८. | प्रज्वलनशील तथा खतराजन्य बस्तु तथा पदार्थ वायुयानबाट ओसार पसार गर्न अनुमति लिनुपर्ने | ३९ |
| ६८क. | उडान दलको आदेश पालन गर्नु पर्ने | ४० |
| ६९. | क्रुले मदिराजन्य पेय पदार्थ सेवन गर्न नहुने | ४० |
| ६९.क | इजाजतपत्रवालाले मनोत्तेजक पदार्थको प्रभावमा कार्य गर्न नहुने | ४० |
| ६९ख. | लेजर बीमा जस्ता साधन प्रयोग गर्न नहुने | ४० |
| ७०. | धुम्रपान गर्न नहुने | ४१ |
| ७१. | अनधिकृत स्थानमा यात्रु तथा मालसामान राख्न नहुने | ४१ |
| ७२. | उडान समयमा वायुयानमा राख्न नहुने व्यक्ति | ४१ |
| ७३. | जीव, जन्तु, चरा आदिलाई उडान समयमा वायुयानमा राख्न नहुने | ४१ |


**परिच्छेद–११**

**सञ्चार र विमानस्थल सुरक्षा सम्बन्धी व्यवस्था**


| | | |
|---|---|---|
| ७४. | प्राधिकरण बाहेक अरुले प्रकाश र संकेतको व्यवस्था गर्न नहुने | ४१ |
| ७५. | सञ्चार तथा उड्डयन सहाय उपकरण सम्बन्धी व्यवस्था | ४१ |
| ७५क. | विमानस्थल तथा अन्यत्र जडान हुने प्रकाश तथा उडान दृष्टि सहायक उपकरणहरु (Visual Aids) सम्बन्धी व्यवस्था | ४२ |
| ७६. | अनुमति बिना विमानस्थल निषिद्ध क्षेत्रमा प्रवेश गर्न नहुने | ४३ |
| ७७. | वधशाला स्थापना गर्न नहुने | ४३ |
| ७८. | वातावरण दुषित पार्न नहुने | ४३ |


**परिच्छेद–१२**

**विविध**


| | | |
|---|---|---|
| ७९. | दुर्गम क्षेत्र हवाई सेवा कोषको स्थापन र सञ्चालन सम्बन्धी व्यवस्था | ४४ |
| ७९क. | तेश्रो पक्षीय दायित्व लगायतका बीमा गराउनु पर्ने | ४४ |
| ८०. | आदेश तथा निर्देशन दिन सक्ने | ४५ |
| ८१. | एनेक्स तथा म्यानुअल लागू गर्न सकिने | ४६ |
| ८२. | रिक्वायरमेन्ट्स, डाइरेक्टिभ्स तथा म्यानुअल जारी गर्न सक्ने | ४६ |
| ८२क. | यस नियमावली वा सो अन्तर्गत बनेको रिक्वायरमेण्टस्मा छुट दिन सक्ने | ४६ |
| ८३. | मान्यता दिने सकिने: | ४७ |
| ८३क. | सुरक्षा व्यवस्थापन (सेफ्टी म्यानेजमेन्ट) सम्बन्धी व्यवस्था | ४७ |
| ८३ख. | घटना तथा दुर्घटना जाँचबुझ गर्ने | ४७ |
| ८३ग. | उडान सुरक्षा सम्बन्धी घटना तथा सूचना उपलब्ध गराउनु पर्ने | ४७ |
| ८४. | उडान सुरक्षा निरीक्षण, जाँचबुझ तथा कारबाही | ४७ |
| ८४क. | नियमित निरीक्षण सम्बन्धी अधिकार प्रत्यायोजन गर्न सक्ने | ४८ |
| ८४ख. | आचार संहिता | ४९ |
| ८५. | परामर्शदाता (कन्सल्टेन्सी) तथा जनरल सेल्स एजेन्ट सेवा प्रदान गर्न अनुमति लिनु पर्ने | ४९ |
| ८६. | प्रमाणपत्र नवीकरण र दरखास्त दस्तुर | ४९ |
| ८६क. | रेडियो टेलिफोनी डेजिग्नेटर उपलब्ध गराउने | ५० |
| ८७. | अधिकार प्रत्यायोजन | ५० |
| ८८. | अनुसूची हेरफेर र थपघट गर्न सक्ने | ५० |
| ८९. | बचाउ | ५० |

अनुसूची १ ... ५१

अनुसूची २ ... ५७

अनुसूची ३ ... ५८

# नेपाल नागरिक उड्डयन प्राधिकरण,
# नागरिक उड्डयन नियमावली, २०५८

**पहिलो संशोधन - २०७०।२।३०**
**दोश्रो संशोधन - २०७०।९।१४**
**तेश्रो संशोधन - २०७४।४।२२**

नागरिक उड्डयन नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृति प्राप्त भएका मितिबाट लागू हुनेछ ।

(३) यो नियमावलीलाई अंग्रेजीमा "सिभिल एभिएशन रेगुलेशन" र छोटकरीमा "सि.ए.आर." भनिनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "टाइप प्रमाणपत्र" भन्नाले वायुयानको प्रकृति अनुसारको विशेष प्रकारको प्रमाणपत्रलाई सम्झनु पर्छ र सो शब्दले वायुयानको प्रकार एवं व्यक्तिले प्राप्त गरेको दक्षता समेतलाई जनाउँछ ।

(ग) "महासन्धि" भन्नाले ७ डिसम्बर १९४४ मा शिकागोमा हस्ताक्षरको लागि खुल्ला राखिएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धि सम्झनु पर्छ र सो शब्दले-

(१) सो महासन्धिको धारा ९४ (क) बमोजिम लागू भएको र दुबै पक्षले अनुमोदन गरेको त्यसको कुनै संशोधनहरु, र

(२) निर्धारित समयभित्र दुबै पक्षका लागि लागू भएको हदसम्म सो महासन्धिको धारा ९० बमोजिम पारित भएको कुनै एनेक्स वा त्यस्तो एनेक्समा भएको कुनै संशोधन समेतलाई जनाउँछ ।

(घ) "एनेक्स" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धिसँग आवद्ध भै सो संगठनद्वारा निर्धारित अन्तर्राष्ट्रिय स्तर र अनुसंशित विधि (इन्टरनेशनल स्टाण्डर्ड्स एण्ड रिकमेन्डेड प्राक्टिसेस) सम्झनु पर्छ ।

(ङ) "म्यानुअल" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट निर्धारित नियम, म्यानुअल तथा स्टाण्डर्डहरुको कार्यान्वयनको लागि प्राधिकरणले ऐन र यस नियमावलीको विपरित नहुने गरी नियम ८२ बमोजिम बनाएको म्यानुअल, रिक्वायरमेण्टस तथा डाइरेक्टिभ्स समेतलाई सम्झनु पर्छ ।



(च) "क्रु" भन्नाले ऐन तथा यस नियमावली बमोजिम व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र प्राप्त वायुयान चालक (पाइलट) वायुयान सह-चालक (को-पाइलट), फ्लाईट इन्जिनियर, रेडियो अफिसर, फ्लाईट नेभिगेटर, एयर होस्टेस, केबिन एटेण्डेण्ट र पर्सरहरु सम्झनु पर्छ ।

(छ) "व्यक्तिगत इजाजतपत्र (पर्सनेल लाइसेन्सीङ्ग), रेटिंग तथा प्रमाणपत्र" भन्नाले नियम ३३ बमोजिम प्रदान गरिने व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र सम्झनुपर्छ ।

(ज) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण सक्रान्तिदेखि अर्को वर्षको आषाढ मसान्तसम्मका अवधि सम्झनुपर्छ ।

♦(झ) "सेवा प्रदायक" भन्नाले वायुयान सञ्चालक, विमानस्थल सञ्चालक, एयर नेभिगेशन सेवा प्रदायक, हवाई तालिम संस्था, उड्डयन सम्बन्धी मर्मत तथा सम्भार गर्न यस नियमावली बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

♦(ञ) "एयर नेभिगेशन सेवा" भन्नाले एयर ट्राफिक सञ्चालनको सबै चरणमा प्रदान गरिने एयर ट्राफिक व्यवस्थापन, सञ्चार-उड्डयन सहाय-निगरानी, उड्डयन मौसम, खोज तथा उद्धार तथा उड्डयन सूचना सेवा समेतलाई सम्झनु पर्दछ ।

♦(ट) "मनोत्तेजक पदार्थ" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धि, १९४४ को एनेक्स १ ले Psychoactive Substance (साइकोएक्टीभ सब्स्टेन्स) भनी परिभाषित गरेका पदार्थहरू सम्झनु पर्दछ ।

♦(ठ) "सञ्चार तथा उड्डयन सहाय उपकरण" भन्नाले सुरक्षित उडान सञ्चालनका लागि आवश्यक पर्ने सञ्चार उपकरण, पथ प्रर्दशन उपकरण, निगरानी उपकरण तथा ए.टि.सी. कन्सोल समेतलाई सम्झनु पर्दछ ।

---

♦ पहिलो संशोधनबाट थप ।

♦(ड) "निरीक्षक" भन्नाले यस नियमावली बमोजिम निरीक्षण एवम् जाँचका लागि सम्बन्धित विषयको योग्यता प्राप्त गरी महानिर्देशकबाट अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ ।

♠(ढ) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनुपर्छ ।

## परिच्छेद–२
## वायुसेवा सञ्चालन सम्बन्धी व्यवस्था

३. **अनुमति तथा प्रमाणपत्र नलिई वायुसेवा सञ्चालन गर्न नहुने:** ऐनको दफा ५ को खण्ड (क) बमोजिम अनुमति तथा प्रमाणपत्र नलिई कसैले पनि वायुसेवा सञ्चालन गर्नु हुँदैन ।

४. **वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र :**

(१) प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र लिन चाहेमा ♥वायुसेवा सञ्चालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरू (Air Operator Certificate Requirements) मा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा महानिर्देशकले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, ♥वायुसेवा सञ्चालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरू (Air Operator Certificate Requirements) मा उल्लिखित अन्य व्यवस्थाहरुको अधिनमा रही दरखास्तवालालाई ♥वायुसेवा सञ्चालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरू (Air Operator Certificate Requirements) मा उल्लेख भएको ढाँचामा वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र दिन सक्नेछ ।

♦ पहिलो संशोधनवाट थप ।
♠ दोस्रो संशोधनवाट थप ।
♥ पहिलो संशोधनद्वारा संशोधित ।



(३) उपनियम (२) बमोजिम वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा महानिर्देशकले वायुसेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी रुपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यकतानुसार शर्तहरु तोक्न सक्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्रको लागि दरखास्त दिने, वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र दिने तथा वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र दिंदा शर्त तोक्ने सम्बन्धी अन्य कार्यविधि ♥वायुसेवा सञ्चालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरू (Air Operator Certificate Requirements) मा उल्लेख भए बमोजिम हुनेछ ।

⊕४क. **स्वामित्व परिवर्तनको जानकारी गराउनु पर्ने:**

(१) नियम ४ बमोजिम वायुसेवा संचालन अनुमति तथा प्रमाणपत्र प्राप्त संस्थाको संचालन तथा व्यवस्थापन स्वामित्व पछिल्लो तीन बर्षको अवधिमा पचास प्रतिशत भन्दा बढी परिवर्तन भएमा त्यस्तो संस्थाले सोको जानकारी महानिर्देशकलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएमा महानिर्देशकले उक्त संस्थाको वित्तिय अवस्था तथा उडान सुरक्षा जाँच गराउन सक्नेछ ।

५. **अनुमति तथा प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था :**

(१) नियम ४ बमोजिम प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्रको अवधि नियम ६ बमोजिम अगावै रद्द गरिएको अवस्थामा बाहेक बढीमा •दुई वर्ष को हुनेछ ।

(२) उपनियम (१) बमोजिम अवधि समाप्त हुनु •तीस दिन अगावै अनुमतिपत्र तथा प्रमाणपत्र नवीकरणको लागि अनुसूची–१ मा उल्लेख भए बमोजिमको नवीकरण शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

⊕(२क) उपनियम (२) बमोजिम प्राप्त दरखास्त उपर महानिर्देशकले आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा नवीकरण गर्न सक्नेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।
⊕ तेस्रो संशोधनबाट थप ।
• तेस्रो संशोधनद्वारा संशोधित ।

(३) उपनियम (२) बमोजिम दिइने दरखास्तको ढाँचा र अनुमतिपत्र तथा प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**६. वायुसेवा सञ्चालन प्रमाणपत्र तथा अनुमतिपत्र निलम्वन वा रद्द गर्नेः**

(१) नियम ४ बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले वायुसेवा सञ्चालन गर्दा गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्था र वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा उल्लेख भएको शर्तको पालना नगरेमा वा त्यस्तो व्यवस्था र शर्त विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुसेवा सञ्चालन संस्थालाई प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र बढीमा छ महिना सम्मको लागि निलम्वन वा वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र रद्द गर्न आदेश दिन सक्नेछ ।

⊕(१क) उपनियम (१) बमोजिम वायुसेवा संचालन अनुमति तथा प्रमाणपत्र निलम्बन वा रद्द गर्ने सम्बन्धमा कारवाही अघि बढाएको अवस्थामा महानिर्देशकले त्यस्तो वायुसेवाको उडानमा रोक लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै वायुसेवा सञ्चालन संस्थाको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्वन वा रद्द गर्ने आदेश दिएकोमा त्यसको जानकारी इजाजत दिने र संस्था दर्ता गर्ने कार्यालयलाई पनि दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्वन वा रद्द गर्ने आदेश दिनु अघि त्यस्तो वायुसेवा सञ्चालन संस्थालाई आफ्नो सफाई पेश गर्न मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

♦**६क. वार्षिक सुरक्षा अडिट गर्नु पर्नेः**

(१) नियम ४ बमोजिम वायुसेवा सञ्चालन प्रमाणपत्र प्राप्त वायुसेवा कम्पनीले यस नियमावली, वायुसेवा संचालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरु तथा अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा तोकिएका शर्तको पालना गरे नगरेको तथा प्राविधिक दृष्टिले सुरक्षित सेवा प्रदान गरे नगरेको सम्बन्धमा महानिर्देशकले वार्षिक रुपमा सुरक्षा अडिट गर्नु पर्नेछ ।

⊕ तेस्रो संशोधनबाट थप ।

♦ पहिलो संशोधनवाट थप ।



(२) महानिर्देशकले आवश्यक सम्झेको बेलामा सुरक्षा अडिट वा जाँच गर्न गराउन उपनियम (१) ले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

(३) उपनियम (१) र (२) बमोजिमको सुरक्षा अडिट गर्ने प्रयोजनको लागि अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले तयार गरेको सो सम्वन्धी म्यानुअल तथा मापदण्डको आधारमा महानिर्देशकले कार्यविधि बनाई लागू गर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम सुरक्षा अडिटको क्रममा वायुसेवा सञ्चालन प्रमाणपत्र प्राप्त वायुसेवा कम्पनीले यस नियमावली, वायुसेवा संचालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरु तथा अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा तोकिएका शर्तको पालना नगरेको तथा प्राविधिक दृष्टिले सुरक्षित सेवा प्रदान नगरेको पाइएमा महानिर्देशकले समय सिमा तोकी सोको परिपालन गर्न आदेश दिनेछ ।

•(५) उपनियम (४) बमोजिम तोकिएको समय सिमा भित्र उडान सुरक्षा सम्बन्धी व्यवस्थाको परिपालन नगर्ने वायुसेवा कम्पनीको वायुसेवा संचालन अनुमति तथा प्रमाणपत्र महानिर्देशकले नियम ६ बमोजिम निलम्बन वा रद्द गर्न सक्नेछ ।

♦**६ख. प्राधिकरणको पूर्व कर्मचारीको सेवा लिने सम्बन्धमाः** नियम ४ बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त वायु सेवा सञ्चालन संस्थाले प्राधिकरणको सेवामा कार्यरत रही अवकाश प्राप्त गरेका वा कुनै कारणबाट प्राधिकरणको सेवाबाट अलग भएका देहायका कर्मचारीलाई त्यसरी अवकाश प्राप्त गरेको वा सेवाबाट अलग भएको मितिले दुई वर्षसम्म काममा लगाउन हुँदैन ।

(क) हवाई उडान सुरक्षाको जाँच गर्न प्रत्यक्ष रुपमा संलग्न भएका ।

(ख) वायु सेवा सञ्चालन संस्थाको नियमन तथा अनुगमन गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न भएका ।

♦**६ग. विदेशी वायुयानको उडान सुरक्षा सुपरिवेक्षण सम्बन्धी व्यवस्थाः**

(१) नेपालमा सेवा संचालन गर्ने विदेशमा दर्ता भएको वायुसेवा सञ्चालन संस्था तथा वायुयानको उडान सुरक्षा सुपरिवेक्षण गर्ने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) उपनियम (१) बमोजिम उडान सुरक्षा सुपरिवेक्षण गर्ने प्रयोजनको लागि महानिर्देशकले कार्यविधि बनाई लागू गर्नेछ ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

♦ पहिलो संशोधनवाट थप ।

## परिच्छेद –३
## वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी व्यवस्था

७. **दर्ता नभएको वायुयान उडाउन नहुनेः** कुनै पनि मुलुकमा दर्ता नभएको वायुयान नेपाल राज्यको हवाई क्षेत्रमा उडान गर्नु हुँदैन ।

८. **वायुयान दर्ता :**

(१) नियम ४ बमोजिम वायुसेवा सञ्चालन गर्न अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले खरीद गरी ल्याएको वा भाडामा ल्याएको वायुयान व्यापारिक प्रयोजनको लागि नेपाल राज्यमा दर्ता गर्न चाहेमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले व्यापारिक प्रयोजन बाहेक नीजि प्रयोजनको लागि वायुयान दर्ता गर्न चाहेमा सो व्यक्ति वा संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम वायुयान दर्ताको लागि कसैको दरखास्त पर्न आएमा महानिर्देशकले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्था र सम्बन्धित वायुसेवा सञ्चालन संस्थालाई प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्रमा उल्लिखित शर्तहरुको अधिनमा रही वायुयान दर्ता गर्न आदेश दिनु पर्नेछ । जुन प्रयोजनको लागि वायुयान दर्ता भएको छ सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम वायुयान दर्ता गर्ने निर्णय भएकोमा महानिर्देशकले एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा खडा गरिएको वायुयान दर्ता कितावमा वायुयान दर्ता गरी दरखास्तवालालाई एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा वायुयान दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम दर्ता भएको वायुयानलाई नेपाली वायुयान मानिनेछ ।

(६) वायुयानको स्वामित्व वायुयान धनीको हुनेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार र प्राधिकरणलाई बुझाउनु पर्ने रकम नबुझाएसम्म कुनै पनि वायुयानको दर्ता गरिने छैन । साथै वायुयान सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त संस्थाले नेपाल सरकार र प्राधिकरणलाई बुझाउनु पर्ने रकम



नबुझाएमा उक्त संस्थाको नयाँ वायुयान दर्ता गरिने छैन र दर्ता भैसकेको वायुयानको दर्ता खारेज गरिनेछ ।

९. **भाडा (लिज) मा वायुयान लिने वा दिने सम्बन्धी व्यवस्थाः**

(१) नियम ४ बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले वायुयान भाडामा लिनु वा दिनु पर्ने भएमा सो को अनुमति पाउँ भनी एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा वायुयान भाडामा लिने वा दिने सम्बन्धमा सम्झौताका प्रतिहरु समेत समावेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम वायुयान भाडामा लिएको वा दिएको वायुयानको सञ्चालन परिवर्तन गर्नु परेमा अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उपनियम (१) र (३) बमोजिम दरखास्त पर्न आएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी विमान भाडामा लिने वा दिने तथा भाडामा लिएको वायुयानको स्वामित्व तथा सञ्चालक परिवर्तन गर्ने अनुमति दिनु पर्नेछ । यसरी अनुमति दिँदा सम्झौताका शर्तहरुमा परिवर्तनका साथै महानिर्देशकले अन्य आवश्यक शर्तहरु तोक्न सक्नेछ । ∝

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार र प्राधिकरणलाई बुझाउन बाँकी रहेको रकम बुझाएको प्रमाणित नभएसम्म त्यस्तो अनुमति दिइने छैन ।

(६) यस नियम बमोजिम भाडामा लिने दिने सम्बन्धमा भए गरेका अन्य काम कारवाही र सम्झौतामा थपघट एवं संशोधन भएमा तत्सम्बन्धी कागजातहरु समेत पेश गर्नु पर्नेछ

♠ **९ (क) आपसी समझदारीमा नियमनको दायित्व पालना गर्न गराउन सकिनेः (१)** विदेशी राष्ट्रमा दर्ता भएको वायुयान भाडामा ल्याई नेपालमा सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान विदेशमा भाडामा सञ्चालन गर्दा वायुयान दर्ता रहेको राष्ट्रमा निहित सञ्चालन तथा प्राविधिक नियमनको दायित्व प्राधिकरण तथा सम्बद्ध विदेशी राष्ट्रको नागरिक उड्डयन नियामक निकाय बीच आपसी समझदारीको आधारमा पालना गर्न गराउन सकिनेछ ।

---

∝ दोस्रो संशोधनद्वारा झिकिएको ।

♠ दोस्रो संशोधनवाट थप ।

(२) उपनियम (१) बमोजिम आपसी समझदारीको आधारमा सञ्चालन तथा प्राविधिक नियमनको दायित्व पालना गर्दा गराउने सम्बन्धी अन्य कार्यविधि वायुसेवा सञ्चालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरुमा तोकिए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम सञ्चालन तथा प्राविधिक नियमनको दायित्व पालना गर्ने गराउने सम्बन्धमा भएको आपसी समझदारी महानिर्देशकले मन्त्रालय, अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन तथा अन्य सम्बद्ध राष्ट्रलाई समेत जानकारी गराउनु पर्नेछ ।

**१०. <u>वायुयान दर्ता नामसारी</u> :**

(१) नियम ८ बमोजिम कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको वायुयान खरीद बिक्री वा अन्य कुनै व्यहोराबाट अन्य कुनै व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्नु परेमा त्यस्तो वायुयानको दर्ता नामसारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वायुयानको दर्ता चाहने व्यक्ति वा संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त दिंदा वायुयानको दर्ता नामसारी गर्न चाहने दुबै पक्षबीच भएको करार, मन्जुरीनामा वा अन्य त्यस्तै प्रकारको लिखत महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम वायुयान दर्ता नामसारीको लागि पर्न आएको दरखास्त उपर महानिर्देशकले आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाहरुको अधिनमा रही एक व्यक्ति वा संस्थाको नाममा रहेको त्यस्तो वायुयान अर्को व्यक्ति वा संस्थाको नाममा दर्ता नामसारी गर्ने आदेश दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको वायुयानको दर्ता नामसारी गर्ने निर्णय भएकोमा महानिर्देशकले नियम ८ को उपनियम (४) बमोजिम खडा गरिएको वायुयान दर्ता कितावमा साविकको वायुयानको धनी वा वायुसेवा सञ्चालन संस्थाको नाम हटाई नयाँ धनी वा वायुसेवा सञ्चालन संस्थाको नाम जनाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम वायुयान दर्ता किताबमा वायुयान धनी वा वायुसेवा सञ्चालन संस्थाको नाम जनाई सकेपछि त्यस्तो धनी वा वायुसेवा सञ्चालन संस्थाको नाममा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिको ढाँचामा वायुयान दर्ता प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै संस्थाले नेपाल सरकार र प्राधिकरणको बुझाउनु पर्ने रकम नबुझाएसम्म वायुयान दर्ता नामसारी गरिने छैन ।



**⊕१०क. <u>वायुयानको दर्ता परिवर्तन</u> :**

(१) नियम ८ को उपनियम (४) बमोजिम कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको वायुयानको दर्ता परिवर्तन गर्नुपरेमा अनुसूची - १ बमोजिम शुल्क बुझाई महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्नआएमा महानिर्देशकले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा दर्ता परिवर्तनको आदेश दिनसक्नेछ ।

**११. <u>वायुयान दर्ता नगरिने</u>:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका कुनै वायुयानलाई यस नियमावली बमोजिम दर्ता गरिने छैन :

(क) अन्य मुलुकमा दर्ता भैरहेको वायुयान,

(ख) नेपाली सेना, नेपाल प्रहरी र भन्सारको स्वामित्वमा रहेको वायुयान,

(ग) नेपाली टाइप प्रमाणपत्र वा टाइप एप्रोभल प्राप्त नगरेको वायुयानको हकमा सम्बन्धित वायुसेवा सञ्चालन संस्था तथा प्राधिकरणका जनशक्तिलाई प्रविधि हस्तान्तरण योजना नभएको ।

**⊕११क. <u>वायुयान रोक्का र फुकुवा सम्बन्धी व्यवस्था</u> :**

(१) नेपाल राष्ट्र बैंकको इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएकोमा कर्जा सुरक्षण वापत वायुयान वेचविखन वा दर्ता नामसारी रोक्का राख्नु पर्ने भएमा सम्बन्धित पक्षले अनुसूचि (१) बमोजिमको शुल्क सहित महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा महानिर्देशकले देहायको अवस्था पुरा भएको यकिन गरी वायुयान रोक्काको आदेश दिन सक्नेछ :

(क) वैंक तथा वित्तीय संस्था वा वायुयान धनीको लिखित अनुरोध भई आएमा ।

(ख) इन्जिन सहितको सम्पूर्ण वायुयान धितो बन्धक राखिएको भएमा ।

(३) उपनियम (२) बमोजिम वायुयान रोक्का रहेकोमा सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट लिखित अनुरोध भइ आएमा महानिर्देशकले उक्त वायुयानको उडानमा रोक लगाउन सक्नेछ । यस अवस्थामा उडानमा रोक लगाएको अवधिको उक्त वायुयानसँग सम्बन्धित सम्पूर्ण शुल्क उडान रोक्काको लागि अनुरोध गर्ने बैक तथा वित्तीय संस्थाले तिर्नु बुझाउनु पर्नेछ ।

(४) रोक्का गरेको वायुयान फुकुवा गर्नुपरेमा वायुयान धनीको लिखित निवेदनका साथ सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवापत्र सहित आधिकारिक प्रतिनिधीको सनाखतमा महानिर्देशकले वायुयान फुकुवाको आदेश जारी गर्नसक्नेछ ।

---

⊕ तेस्रो संशोधनबाट थप ।

**१२. टाइप प्रमाणपत्रः**

(१) नेपाल राज्यमा दर्ता नभएको कुनै किसिमको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयान धनी, संस्था वा वायुयान निर्माता आफैले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा त्यस्तो वायुयानको डिजाइन प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर महानिर्देशकले आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाहरुको अधिनमा रही एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा दरखास्तवालालाई वायुयानको टाइप प्रमाणपत्र दिइनेछ ।

(४) यो नियमावली प्रारम्भ हुनु अगावै आयात गरिएका कुनै वायुयानको टाइप प्रमाणपत्र नलिएको भए त्यस्तो वायुयान सञ्चालन गर्ने संस्थाले वायुयान सञ्चालन अनुमति तथा प्रमाणपत्र नवीकरण गर्दा यस नियम बमोजिम टाइप प्रमाणपत्र लिनु पर्नेछ ।

(५) टाइप प्रमाणपत्र दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

•**१३. वायुयानको दर्ता खारेजीः**

(१) नेपाली दर्ताको वायुयानलाई देहायको अवस्थामा दर्ता खारेजी गरिनेछ :

(क) वायुयान दुर्घटनामा परी मर्मत सम्भार हुन नसक्ने गरी नासिएमा ।

(ख) वायुयान विक्री वितरण वा अन्य कुनै कारणबाट स्थायी रुपमा नेपाल वाहिर पठाउने भएमा ।

(ग) नियम १०क बमोजिम दर्ता परिवर्तनको आदेश भएमा ।

(२) उपनियम (१) बमोजिम वायुयानको दर्ता खारेजीका लागि सम्बन्धित वायुयान धनी वा वायुयान भाडामा ल्याई संचालन गर्ने व्यक्ति वा संस्थाले महानिर्देशक समक्ष अनुसूचि-१ बमोजिमको शुल्क संलग्न गरी तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

**१४. राष्ट्रिय चिन्ह अंकित नभएको वायुयान उडान तथा सञ्चालन गर्न नहुनेः** वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अंकित नभएको कुनैपनि वायुयान नेपाल राज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुँदैन ।

• तेस्रो संशोधनद्वारा संशोधित ।



**१५. वायुयानको राष्ट्रिय चिन्ह :**

•१) नेपाल राज्यमा दर्ता भएको वायुयानको नेपाली राष्ट्रिय चिन्ह अंक र अक्षरमा 9N हुनेछ र राष्ट्रिय चिन्ह पछि एक सानो धर्को (–) तानी तीनवटा रोमन अक्षर, अङ्क वा दुवैको संयोजनयुक्त देहाय बमोजिमको रजिष्ट्रेसन चिन्ह रहनेछ :

(क) व्यापारिक उडानका वायुयान (एरोप्लेन) तथा हेलिकप्टरको हकमा तीन रोमन अक्षर राखिनेछ । पहिलो वायुयानको हकमा तीन रोमन अक्षरको रजिष्ट्रेसन चिन्ह 9N-AAA रहनेछ र त्यसपछिका विमानहरुमा रोमन अक्षर क्रमशः B,C,D गर्दै लगिनेछ ।

(ख) भि.भि.आई.पी.फ्लाइटको वायुयानको हकमा तीन रोमन अक्षर मध्ये पहिलो अक्षर R राखी रजिष्ट्रेसन चिन्ह 9N-RAA रहनेछ र त्यसपछिका वायुयानहरुमा 9N-R पछि रोमन अक्षर क्रमशः B,C,D गर्दै लगिनेछ ।

(ग) अल्ट्रालाइट लगायत दर्ता गर्नुपर्ने साना वायुयानहरुको हकमा तीन रोमन अक्षर मध्ये पहिलो अक्षर U राखी रजिष्ट्रेसन चिन्ह 9N-U11 रहनेछ र त्यसपछिका वायुयानहरुमा 9N-U पछि रोमन अंक क्रमशः 12, 13 गर्दै लगिनेछ ।

(घ) नेपाल राज्यमा आयात गरी ल्याउने वायुयानको हकमा नेपालमा अवतरण गरे पश्चात स्वतः खारेज हुने गरी अस्थायी रजिष्ट्रेसन चिन्हको पहिलो रोमन अक्षर T राखी रजिष्ट्रेसन चिन्ह 9N-T11 रहनेछ र त्यसपछिका वायुयानहरुमा 9N-T पछि रोमन अंक क्रमशः 12, 13 गर्दै शुन्य बाहेकका अंक प्रयोग गरिनेछ ।

(२) उपनियम (१) बमोजिम वायुयानको राष्ट्रिय चिन्ह दिने अधिकार महानिर्देशकलाई हुनेछ ।

♥(३) उपनियम (१) बमोजिम वायुयानमा राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी अन्य व्यवस्था प्राधिकरणबाट जारी गरिएको नेपाल सिभिल एयर वर्दिनेश रिक्वायरमेन्ट्स (Nepal Civil Airworthiness Requirements - NCAR) मा उल्लेख भए बमोजिम हुनेछ ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद –४
## उडान योग्यता (एयर वर्दिनेश) सम्बन्धी व्यवस्था

**♥१६. उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयर वर्दिनेश):**

(१) उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयर वर्दिनेश) प्राप्त नगरेको कुनैपनि वायुयान नेपाल राज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुँदैन ।

तर परिक्षण उडान तथा पोजिसन फ्लाइटको हकमा महानिर्देशकले पटके उडान अनुमति (परमिट टु फ्लाइट) जारी गर्न सक्नेछ ।

(२) उडान योग्यताको प्रमाणपत्र प्राप्त नगरी वा उडान योग्यताको प्रमाणपत्रको म्याद समाप्त भएको वायुयान नेपाल राज्यभित्र उडान गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो वायुयान तत्काल नियन्त्रणमा लिई आवश्यक कारवाही गर्नेछ ।

**१७. उडान योग्यताको स्तर:**

(१) नेपाल राज्यमा लागू हुने हवाई उडान योग्यताको स्तर एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम स्तर उल्लेख नतोकिएसम्म अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघको जुन सदस्य राष्ट्रको अख्तियारवालाले हवाई उडान योग्यताको प्रमाणपत्र दिएकोछ सोही मुलुकमा लागू रहेको हवाई उडान योग्यताको स्तर नेपालमा लागू रहनेछ ।

**१८. उडान योग्यताको प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

(१) उडान योग्यताको प्रमाणपत्र दिने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) उडान योग्यताको प्रमाणपत्रको लागि दिइने दरखास्तको ढाँचा, उडान योग्यताको प्रमाणपत्रको ढाँचा र तत्सम्बन्धी अन्य कार्यविधि तथा विवरण एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त दिंदा अनुसूची–१ बमोजिम हवाई उडान योग्यताको प्रमाणपत्र शुल्क बुझाउनु पर्नेछ ।

**१९. उडान योग्यताको प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था:**

(१) यस नियमावली बमोजिम वायुयानको नियमित निरीक्षणको क्रममा कुनै वायुयान सुरक्षाको दृष्टिकोणले उडान गर्न नहुने गरी बिग्रिएको अवस्थामा फेला परेमा सोको मर्मतको लागि महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक यस नियमावली बमोजिम दिइएको उडान योग्यताको प्रमाणपत्रको अवधि बढीमा •दुई वर्षको हुनेछ ।

(२) उपनियम (१) बमोजिम अवधि समाप्त हुनु अगावै उडान योग्यताको प्रमाणपत्र नवीकरणको लागि अनुसूची–१ मा उल्लेख भए बमोजिमको नवीकरण शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने दरखास्तको ढाँचा र हवाई उडान योग्यताको प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**२०. उडान योग्यताको प्रमाणपत्र खारेज वा निलम्वन:**

(१) कुनै वायुयानको सम्बन्धमा प्रदान गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लेखित शर्त, गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको विपरित वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयानको उडान योग्यताको प्रमाणपत्र खारेज गर्ने वा सोही आदेशमा उल्लेख भएको अवधिसम्मको लागि निलम्वन गर्ने आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज वा निलम्वन गर्ने आदेश दिनु अघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

**२१. वायुयान बाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एयर वर्दिनेश) :**

(१) नेपाल राज्यमा कुनै व्यक्ति वा संस्थाको नाउमा दर्ता भएको वा भाडामा ल्याई सञ्चालन गरिएको वायुयान चलाउन नसकिने गरी नासिएमा बाहेक नेपाल राज्यमा उडान तथा सञ्चालन नगर्ने गरी स्थायी रुपबाट कुनै वायुयान स्वदेश बाहिर पठाउने भएमा वा नियम १३ बमोजिम वायुयानको दर्ता खारेज भएको अवस्थामा त्यस्तो वायुयानको धनीले वा त्यस्तो वायुयान भाडामा ल्याई सञ्चालन गर्ने व्यक्ति वा संस्थाले सो वायुयान बाहिर पठाउँदा उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एयरवर्दिनेश) को लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी नेपाल सरकार र प्राधिकरणलाई बुझाउनु पर्ने रकम

---

♥ पहिलो संशोधनद्वारा संशोधित ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

बुझाएको देखिएमा एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो वायुयानलाई बाहिर पठाउँदाको उडान योग्याताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एअरवर्दिनेश) दिनेछ ।

(३) वायुयानलाई बाहिर पठाउँदाको उडान योग्याताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एयरवर्दिनेश) दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद–५
## वायुयानको मर्मत तथा संभार सम्बन्धी व्यवस्था

**♦२२. मर्मत, संभार नगरी वायुयानको उडान तथा सञ्चालन गर्न नहुनेः**

(१) कुनै वायुयानको सम्बन्धमा नियम १८ बमोजिम प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम वायुयान तथा वायुयानको इन्जिन तथा अन्य पार्टपूर्जाहरुको प्राधिकरणले तोकेको अवधि भित्र नियमित मर्मत तथा संभार नगरी त्यस्तो वायुयान उडान तथा सञ्चालन गर्नु हुँदैन ।

(२) उपनियम (१) बमोजिम वायुयान मर्मत संभार गर्दा सम्बन्धित वायुयान निर्माता कम्पनीले सम्बन्धित टाइपको वायुयानको लागि निर्धारित स्तरभन्दा कम स्तरको पार्टपूर्जा तथा उपकरणको प्रयोग गर्नु हुँदैन ।

**२३. वायुयानको मर्मत तथा संभार :**

(१) नियम २२ बमोजिम वायुयानको नियमित मर्मत तथा संभार गराउनु पर्ने अवस्थामा बाहेक सुरक्षाको दृष्टिकोणले कुनै वायुयानको आकस्मिक मर्मत तथा संभार गराउने वा त्यसको कुनै पार्टपूर्जा फेर्न महानिर्देशकले आवश्यक देखेमा सम्बन्धित वायुयानको धनी, वायुसेवा सञ्चालक संस्था वा सम्बन्धित मर्मत तथा संभार इन्जिनियरलाई आवश्यक आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेश बमोजिम वायुयानको मर्मत तथा संभार नगरी वा पार्टपूर्जा नफेरी त्यस्तो वायुयानको उडान गर्नु हुँदैन ।

(३) उपनियम (१) र (२) बमोजिम वायुयानको मर्मत तथा संभार गर्ने तरिका एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**२४. अनुमति वा मान्यता प्राप्त संस्थाबाट मात्र मर्मत तथा संभार गर्नु पर्नेः**

(१) नियम २२ वा २३ बमोजिम वायुयान तथा वायुयानको इन्जिन तथा अन्य पार्टपूर्जाहरुको नियमित वा आकस्मिक रुपमा मर्मत तथा संभार गराउँदा नियम २८ को उपनियम (२) बमोजिम अनुमति प्राप्त वा नियम ४९ को उपनियम (२) बमोजिम मान्यता प्राप्त संस्थाबाट मात्र नेपाली वायुयानको इन्जिन तथा पार्टपूर्जाको मर्मत तथा संभार गराउनु पर्नेछ ।

(२) वायुयानको नियमित ओभरहल मर्मत गर्ने र सो व्यहोरा प्रमाणित गराउने सम्बन्धी अन्य व्यवस्था एनेक्स तथा म्यानुअलमा व्यवस्था भए बमोजिम हुनेछ ।

**•२५. वायुयान मर्मत संभार अभिलेख :**

(१) नियम २२ र २३ बमोजिम वायुयानको नियमित तथा आकस्मिक मर्मत तथा संभार गरिएकोमा सम्बन्धित संस्थाले सो व्यहोरा रिक्वायरमेन्ट्स, डाइरेक्टिभ्स, तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा अद्यावधिक रुपमा प्रमाणित गरिदिनुपर्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले उडान सुरक्षालाई असर पर्ने गरी वायुयानको नियमित तथा आकस्मिक मर्मत संभार सम्बन्धी अभिलेखमा झुठो विवरण राख्ने वा विवरण हेरफेर गर्ने वा विवरणमा कुनै किर्ते कार्य गरेमा वा गराएको पाइएमा महानिर्देशकले त्यस्तो व्यक्ति वा संस्थाको इजाजतपत्र, अनुमतिपत्र वा प्रमाणपत्र निलम्बन गर्ने वा खारेज गर्ने आदेश दिन सक्नेछ ।

**२६. नियमित निरीक्षणः**

(१) कुनै पनि वायुयान उडान गर्नु अघि उक्त वायुयानको जडान तथा सञ्चालनको निमित्त आवश्यक पर्ने सबै यन्त्र र सरसामानहरु ठीक अवस्थामा जडान भएका छन भनी नियम ३२ को खण्ड ♥(प) बमोजिम एयरक्राफ्ट मेन्टेनेन्स सर्टिफिकेट प्राप्त प्राविधिक वा नियम ४९ को उपनियम (२) बमोजिम मान्यता प्राप्त एयरक्राप्ट मेन्टेनेन्स सर्टिफिकेट वाहक (♥प्राविधिक) ले निरीक्षण गरी प्रमाणित नगरेसम्म उक्त वायुयानको उडान गर्न हुँदैन ।

♥(२) उपनियम (१) बमोजिम वायुयानको नियमित निरीक्षण सम्बन्धी अन्य व्यवस्था प्राधिकरणबाट जारी गरिएको फ्लाईट अपरेसन्स रिक्वायरमेन्टस (Flight Operations Requirements - FOR), नेपाल सिभिल एयर

---

♦ पहिलो संशोधनवाट साविकको व्यवस्थालाई उपनियम (१) बनाई उपनियम (२) थप ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

वर्दिनेश रिक्वायरमेन्ट्स (Nepal Civil Airworthiness Requirements - NCAR), वायुसेवा संचालन प्रमाणपत्र सम्बन्धी आवश्यकताहरु (Air Operator Certificate Requirements - AOCR) तथा एनेक्स म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**२७. लग बूक :**

(१) नेपाल राज्यमा दर्ता भएको प्रत्येक वायुयानले देहाय बमोजिमको लग बूक अद्यावधिक रुपमा कायम राख्नु पर्नेछ :

क. यात्रा लगबूक,

ख. वायुयान लगबूक,

ग. एक इन्जिन भएको वायुयानको हकमा एक इन्जिन लग बूक र एक भन्दा बढी इन्जिन भन्दा बढी इन्जिन भएको वायुयानमा प्रत्येक इन्जिनको लागि छुट्टा छुट्टै इन्जिन लग बूक,

घ. एक पीच प्रोपेलर भएको वायुयानको हकमा एक पीच प्रोपेलर लग बूक र एक भन्दा बढी पीच प्रोपेलर भएको वायुयानमा प्रत्येक पीच प्रोपेलरको लागि छुट्टा छुट्टै पीच प्रोपेलर लग बूक,

ङ रेडियो पार्ट्स रहेको वायुयानको हकमा रेडियो पार्ट्स लग बूक ।

(२) उपनियम (१) बमोजिमको लग बूकहरु जारी गर्ने अधिकार महानिर्देशकलाई हुनेछ ।

(३) उपनियम (२) बमोजिमको लग बूक अद्यावधिक रुपमा राख्नु पर्ने सम्बन्धी अन्य कार्यविधि तथा विवरणहरु एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**२८. वायुयान तथा वायुयानको पार्टपूर्जाको उत्पादन, मर्मत तथा परीक्षण संभार सहितको विस्तृत मर्मत (ओभरअल) गर्ने संस्था सम्बन्धी व्यवस्था :**

(१) प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुयान तथा वायुयानको पार्टपूर्जाहरुको उत्पादन, मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरअल) गर्न चाहने संस्थाले त्यस्तो कार्य गर्ने अनुमतिको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लिखित शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै संस्थाको दरखास्त पर्न आएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित अन्य व्यवस्थाको अधिनमा रही वायुयान तथा वायुयानको पाटपूर्जाहरुको उत्पादन, मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरअल) गर्न अनुमति दिन सक्नेछ ।



•(३) उपनियम (२) बमोजिम दिइएको अनुमतिको अवधि दुई वर्षको हुनेछ र अवधि समाप्त हुन ३० दिन अगावै अनुसूची - १ मा उल्लेख भए बमोजिम शुल्क संलग्न गरी नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइने दरखास्तको ढाँचा र अनुमति नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**२९. वायुयान तथा वायुयानको पार्टपूर्जाको उत्पादन, मर्मत तथा परीक्षण संभार सहितको विस्तृत मर्मत (ओभरअल) गर्ने संस्थाको अनुमति स्थगित वा रद्द गर्नेः**

(१) नियम २८ बमोजिम अनुमति प्राप्त संस्थाले गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो अनुमति आदेशमा उल्लेख भएको अवधिसम्मको लागि निलम्वन वा खारेज गर्ने आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निलम्वन वा खारेजीको आदेश दिएकोमा सो को जानकारी प्रचलित कानून बमोजिम इजाजत दिने र संस्था दर्ता गर्ने कार्यालय समेतलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निलम्वन वा खारेज गर्नु अघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

**३०. वायुयानको पार्टपूर्जा आयात, निर्यात, संचय तथा बिक्री बितरण गर्ने संस्था तथा एजेन्ट सम्बन्धी व्यवस्थाः**

(१) प्रचलित कानून बमोजिम वायुयान र वायुयानको पार्टपूर्जा आयात, संचय तथा बिक्री बितरण गर्ने संस्था वा त्यस्तो संस्थाको एजेन्सी लिई व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो कार्य गर्ने अनुमतिको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

♦(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम ४ र नियम २८ बमोजिम प्रमाणपत्र प्राप्त संस्था आफैले वायुयान र वायुयानको पार्टपूर्जा आयात तथा संचय गर्न उपनियम (१) बमोजिमको अनुमति आवश्यक पर्ने छैन ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई वायुयानको पार्टपूर्जा आयात, निर्यात, संचय तथा बिक्री बितरणको व्यवसाय सञ्चालन गर्न वा त्यस्तो संस्थाको एजेन्ट भई व्यवसाय सञ्चालन गर्न एनेक्स तथा म्यानुअलमा

• तेस्रो संशोधनद्वारा संशोधित ।

♦ पहिलो संशोधनवाट थप ।

उल्लेख भए बमोजिमको ढाँचामा अनुसूची–१ मा उल्लिखित शुल्क लिई अनुमति दिन सक्नेछ ।

♦(२क) उपनियम (२) बमोजिम अनुमति प्राप्त संस्था वा त्यसको एजेण्टले सम्बन्धित टाईपको वायुयानको लागि सम्बन्धित वायुयान निर्माता कम्पनीले निर्धारण गरेको स्तरभन्दा कम स्तरको पार्टपूर्जा तथा उपकरण आयात, संचय तथा बिक्री बितरण गर्न हुँदैन ।

•(३) उपनियम (२) बमोजिम दिइएको अनुमतिको अवधि बढीमा दुई वर्षको हुनेछ र अवधि समाप्त हुनु ३० दिन अगावै अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उपनियम (१) र (३) बमोजिम अनुमति एवं नवीकरणको लागि महानिर्देशक समक्ष दिने दरखास्तको ढाँचा तथा सो सम्बन्धी अन्य विवरण र कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद–६
## व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था

♥**३१. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग प्रमाणपत्र प्राप्त नगरी काम गर्न नहुनेः**

(१) व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र वा नियम ५१ बमोजिम सो को मान्यता प्राप्त नगरी कसैले पनि देहायको प्रकृतिको काम गर्नु गराउनु हुँदैनः-

(क) वायुयानको उडान सञ्चालन,

(ख) वायुयान मर्मत संभार,

(ग) फ्लाइट डिस्प्याचिङ्ग,

(घ) एयर ट्राफिक कन्ट्रोल,

(ङ) सञ्चार तथा उड्डयन सहाय उपकरणको स्वीकृति (Acceptance/Certification), जडान तथा मर्मत संभार ।

तर,

(१) कुनै खास खास योग्यता पुगेको व्यक्तिलाई खास प्रकृतिको काममा लगाउन व्यक्तिगत इजाजतपत्र रेटिङ्ग तथा प्रमाणपत्र नभएता पनि महानिर्देशकले बढीमा एक वर्षको

♦ पहिलो संशोधनवाट थप ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।



लागि इजाजतपत्र धारकको सुपरिवेक्षणमा रहने गरी काम काजमा लगाउने आदेश दिन सक्नेछ ।

(२) विशेष परिस्थितिमा विशेष उद्देश्य र सीमित अवधिको लागि वायुयान तथा अन्य उपकरण निर्माता तथा प्रशिक्षण दिने राष्ट्रबाट झिकाइएका सम्बन्धित क्षेत्रका दक्षलाई अन्य प्रचलित कानूनको अधीनमा रही महानिर्देशकले काम गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

♥**३२. व्यक्तिगत इजाजतपत्र (पर्सनेल लाइसेन्सिङ्ग) रेटिङ्ग तथा प्रमाणपत्र जारी गर्ने अधिकारीः** देहाय बमोजिमका व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र दिने अधिकार महानिर्देशकलाई हुनेछः-

(क) विद्यार्थी वायुयान चालक •प्रमाणपत्र,

(ख) व्यक्तिगत (प्राइभेट) वायुयान चालक इजाजतपत्र,

(ग) कमर्सियल वायुयान चालक इजाजतपत्र,

(घ) एयरलाइन ट्रान्सपोर्ट वायुयान चालक इजाजतपत्र,

(ङ) इन्स्ट्रुमेन्ट रेटिंग,

(च) फ्लाइट इन्स्ट्रक्टर रेटिंग,

(छ) ग्राउण्ड इन्स्ट्रक्टर प्रमाणपत्र,

(ज) ग्लाइडर चालक इजाजतपत्र,

χ(झ) ....................................,

(ञ) विद्यार्थी उडान सञ्चालन (फ्लाइट डिस्प्याचर) •प्रमाणपत्र,

(ट) फ्लाइट अपरेशन अफिसर वा एअरक्राफ्ट डिस्प्याचर इजाजतपत्र,

(ठ) फ्लाइट ईन्जिनियर इजाजतपत्र,

(ड) फ्लाइट रेडियो टेलिफोन सञ्चालक इजाजतपत्र,

(ढ) रेडियो नेभिगेशन सञ्चालन इजाजतपत्र,

•(ण) विद्यार्थी एयर ट्राफिक कन्ट्रोलर प्रमाणपत्र,

(त) एयर ट्राफिक कन्ट्रोलर इजाजतपत्र/रेटिंग,

(थ) एक वा सो भन्दा बढी किसिमको वायुयानको रेटिङ्ग,

(द) हवाई उडान निरीक्षण प्रमाणपत्र,

(ध) एयर ट्राफिक सेफ्टी इलेक्ट्रोनिक्स इजाजतपत्र/रेटिङ्ग,

♥ पहिलो संशोधनद्वारा संशोधित ।

• तेस्रो संशोधनद्वारा संशोधित

χ तेस्रो संशोधनद्वारा झिकिएको ।

χ(न) ................................................................,

♣(प) "एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन/ईन्जिनियर इजाजतपत्र (ए.एम.टी.एल./ए.एम.ई.एल)"

χ(फ) ..............................................,

(ब) ग्राउण्ड रेडियो सञ्चालन प्रमाणपत्र,

χ(भ) ..........................................,

(म) बेलुन चालक इजाजतपत्र,

•(य) प्रशिक्षक प्रमाणपत्र,

⊕(र) परीक्षक प्रमाणपत्र ।

⊕**३२क. सेवा प्रदायक संस्थाले प्रमाणपत्र जारी गर्न सक्ने :**

(१) वायु सेवा संचालक, विमानस्थल संचालक, एयर नेभिगेसन सेवा प्रदायक र वायुयान मर्मत तथा संभार संस्थाले आफू मातहतको कुनै खास प्रकृतिको कार्यक्षेत्रमा कार्यरत नियम (३२) बमोजिम जारी व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र धारक बाहेकका जनशक्तिलाई सेवाको स्तरीयता कायम राख्न आवश्यक प्रमाणपत्र जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रमाणपत्र जारी गर्दा महानिर्देशकबाट कार्यविधि स्विकृत गराई त्यस्ता जनशक्तिको शैक्षिक योग्यता,तालिम, स्वास्थ्य सम्बन्धी योग्यता तथा अन्य आवश्यक योग्यता निर्धारण गरी लागू गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमाणपत्र प्राप्त जनशक्तिको काम कारवाहीको महानिर्देशकले आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्नेछ ।

**३३. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र पाउनको लागि आवश्यक योग्यताः** व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र पाउनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ :

क. एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता, उमेर र •तालिम तथा अनुभव सम्बन्धी योग्यता प्राप्त गरेको,

ख. नियम ३४ बमोजिम स्वास्थ्य योग्यता भएको,

ग. नियम ३६ बमोजिम प्राधिकरणबाट लिइएको योग्यता सम्बन्धी परीक्षा उत्तीर्ण गरेको ।

♥**३४. स्वास्थ्य सम्बन्धी योग्यताः** व्यक्तिगत इजाजतपत्रको लागि आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी योग्यता प्राधिकरणबाट जारी एभिएशन मेडिकल रिक्वायरमेण्ट्स (Aviation Medical Requirements) मा उल्लेख भए बमोजिम हुनेछ ।

♥**३५. स्वास्थ्य परीक्षण तथा जाँचः**

♣(१) व्यक्तिगत इजाजतपत्रको लागि आवश्यक स्वास्थ्य सम्बन्धी योग्यता प्रमाणित गर्नको लागि संचालक समितिको सदस्यको संयोजकत्वमा गठन भएको विशेषज्ञसहितको उपसमितिबाट सिफारिस भएको बरिष्ठ चिकित्सकलाई महानिर्देशकले नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षक (Civil Aviation Medical Assessor) को रुपमा नियुक्त गर्नेछ ।

(२) नागरिक उड्डयन, एभिएशन मेडिसिन तथा उडान सुरक्षामा असर पार्न सक्ने स्वास्थ्य अवस्थाको विश्लेषण तथा मुल्यांकन गर्न सक्ने योग्यता भएको व्यक्ति मध्येबाट सार्वजनिक सूचनाको माध्यमबाट विज्ञापन गरी उपयुक्त उम्मेद्वारको छनौट गरी उपनियम (१) बमोजिम नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षक नियुक्त गर्नु पर्नेछ ।

(३) व्यक्तिगत इजाजतपत्रको लागि शारिरिक तथा मानसिक स्वास्थ्य सम्बन्धी योग्यता परीक्षण गर्न नागरिक उड्डयन स्वास्थ्य सुपरिवेक्षकको सिफारिसमा महानिर्देशकले आवश्यक संख्यामा नागरिक उड्डयन स्वास्थ्य परीक्षक (Civil Aviation Medical Examiner) तोक्नेछ ।

(४) नागरिक उड्डयन स्वास्थ्य परीक्षक तोक्दा एभिएशन मेडिसिन तथा एभिएशन वातावरण सम्बन्धी व्यवहारिक ज्ञान तथा अनुभव भएको व्यक्ति मध्येबाट सार्वजनिक सूचनाको माध्यमबाट विज्ञापन गरी ♣नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकको सिफारिशमा उपनियम (३) बमोजिम नागरिक उड्डयन स्वास्थ्य परीक्षक तोक्नु पर्नेछ ।

(५) नागरिक उड्डयन स्वास्थ्य परिक्षकहरूबाट प्राप्त स्वास्थ्य प्रतिवेदनको जाँच गरी नियम ३४ बमोजिम आवश्यक पर्ने स्वास्थ्य योग्यता विद्यमान रहे नरहेको प्रमाणित गर्ने जिम्मेवारी नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकको हुनेछ ।

---

χ तेस्रो संशोधनवाट झिकिएको ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

⊕ तेस्रो संशोधनवाट थप ।

• तेस्रो संशोधनद्वारा संशोधित ।



♥ पहिलो संशोधनद्वारा संशोधित ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

(६) नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षक तथा नागरिक उड्डयन स्वास्थ्य परीक्षकको अवधि सामान्यतया दुई वर्षको हुनेछ । महानिर्देशकले निजहरूको कार्य दक्षता, क्षमता तथा आचरणलाई मुल्याङ्कन गरी पुनः नियुक्ति गर्न र तोक्न सक्नेछ ।

(७) नागरिक उड्डयन स्वास्थ्य परीक्षकहरूले लिने स्वास्थ्य परीक्षण शुल्क नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकको सिफारिसमा महानिर्देशकले तोके बमोजिम हुनेछ ।

(८) नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकको पारिश्रमिक तथा अन्य सुविधाहरू प्राधिकरणले तोके बमोजिम हुनेछ ।

(९) नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षक तथा नागरिक उड्डयन स्वास्थ्य परीक्षकहरूको अन्य काम, कर्तव्य र अधिकार ♣तथा योग्यता, तालिम तथा अनुभव प्राधिकरणले तोके बमोजिम हुनेछ ।

(१०) नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षक तथा नागरिक उड्डयन स्वास्थ्य परीक्षकले स्वास्थ्य परीक्षण प्रमाणित तथा जाँच गर्ने सम्बन्धी अन्य विधि प्राधिकरणद्वारा जारी गरिने एभिएशन मेडिकल रिक्वावरमेन्ट्समा तोके बमोजिम हुनेछ ।

♠(११) नागरिक उड्डयन स्वास्थ्य परीक्षकको कार्यक्षमताको अभाव वा खराब आचरणले निजलाई सो जिम्मेवारीबाट हटाउनु पर्ने भनी नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकबाट सिफारिस भई आएमा महानिर्देशकले निजलाई नागरिक उड्डयन स्वास्थ्य परीक्षकको जिम्मेवारीबाट हटाउन सक्नेछ ।

♠(१२) नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकको कार्यक्षमताको अभाव वा खराब आचरणले निजलाई सो जिम्मेवारीबाट हटाउनु पर्ने भनी सञ्चालक समितिको सदस्यको संयोजकत्वमा गठन भएको विशेषज्ञ सहितको उपसमितिबाट सिफारिस भई आएमा महानिर्देशकले निजलाई नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकको जिम्मेवारीबाट हटाउन सक्नेछ ।

♠(१३) उपनियम (११) र (१२) बमोजिम जिम्मेवारीबाट हटाउने सिफारिश गर्नु अघि त्यस्तो नागरिक उड्डयन स्वास्थ्य परिक्षक तथा नागरिक उड्डयन स्वास्थ्य सुपरीवेक्षकलाई आफ्नो सफाई पेश गर्न मुनासिब माफिकको मौका दिनुपर्नेछ ।

**३६. परीक्षा र तत्सम्बन्धी कार्यविधि :**

(१) प्राधिकरणले लिएको परीक्षा उतिर्ण नगरेको कुनैपनि व्यक्तिलाई व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र दिइने छैन ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

♠ दोस्रो संशोधनवाट थप ।



(२) उपनियम (१) बमोजिम लिइने परीक्षाको पाठ्यक्रम र पाठ्यांशभार निर्धारण गरी परीक्षा सञ्चालन गर्न प्राधिकरणले परीक्षा सञ्चालन समिति गठन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित परीक्षा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार लगायत परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) हवाई उडान सुरक्षाको परीक्षा निम्नलिखित मध्ये कुनै एक वा एकभन्दा बढी प्रकृयाद्वारा लिन सकिनेछ ।

क. लिखित, ख. मौखिक,
ग. प्रयोगात्मक घ. चेकराइड,
ङ. सिमुलेशन, च. विविध ।

(५) उपनियम (१) बमोजिम लिइने परीक्षा शुल्क अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ । प्रत्येक विषयको परीक्षाको लागि छुट्टा छुट्टै परीक्षा शुल्क लाग्नेछ ।

⊕(६) व्यक्तिगत इजाजतपत्रको लागि आवश्यक पर्ने परीक्षा सम्बन्धी अन्य व्यवस्था प्राधिकरणबाट जारी पर्सनल लाइसेन्सिङ्ग रिक्वायरमेन्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

**३७. इजाजतपत्र, रेटिङ्ग तथा अन्य प्रमाणपत्र र शुल्क :**

(१) व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र पाउनको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा दरखास्त साथ त्यस्तो इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र वापत अनुसूची–१ बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने दरखास्तको ढाँचा र इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र दिने सम्बन्धी अन्य कुराहरु एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

♦**३७क. प्राधिकरणको बहालवाला कर्मचारीको शुल्क प्राधिकरणले व्यहोर्ने:** नियम ३६ र ३७ बमोजिम तिर्नु बुझाउनु पर्ने शुल्क प्राधिकरणको बहालवाला कर्मचारीको हकमा प्राधिकरणले व्यहोर्नेछ ।

•**३८. इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको अवधिः**

(१) नियम ३२ बमोजिम जारी भएका व्यक्तिगत इजाजतपत्रको अवधि बढीमा पाँच बर्षको हुनेछ ।

⊕ तेस्रो संशोधनबाट थप ।

♦ पहिलो संशोधनवाट थप ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

(२) इजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था महानिर्देशकबाट जारी गरिएको पर्सनेल लाइसेन्सिंग रिक्वायरमेण्ट्स (Personnel Licensing Requirements) मा उल्लेख भए बमोजिम हुनेछ ।

**३९. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको नवीकरण सम्बन्धी व्यवस्था :**

(१) नियम ३८ बमोजिम उल्लेख भएको अवधि समाप्त भएका इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा त्यस्ता व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र नवीकरण बापत अनुसूची–१ बमोजिको शुल्क समेत बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दिइने दरखास्तको ढाँचा र व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**♥४०. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग वा प्रमाणपत्रको निलम्बन वा रद्द गर्ने सम्बन्धी व्यवस्थाः**

(१) व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र बाहकले नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको उल्लङ्घन गरेमा वा त्यस्तो व्यवस्था विपरित व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको प्रयोग गरेमा महानिर्देशकले त्यस्तो बाहकको इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र तोकिएको अवधिसम्मको लागि निलम्बन वा रद्द समेत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र निलम्बन वा रद्द गर्न आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र बाहकलाई सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) कुनै दुर्घटना वा घटनाको छानविनको सन्दर्भमा कसैले प्राप्त गरेको व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको अधिकार प्रयोग गर्न नपाउने गरी महानिर्देशकले एकै पटक वा पटक पटक गरी बढीमा ६ महिना सम्मको लागि रोक लगाउन सक्नेछ ।

(४) उपनियम (१) बमोजिम महानिर्देशकले गरेको कारवाहीको अद्यावधिक विवरण राख्नु पर्नेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।



**♦४०क. प्रतिलिपि इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** इजाजतपत्र वा प्रमाणपत्र हराएमा वा नासिएमा सो को प्रतिलिपि प्राप्त गर्न इजाजतपत्र वा प्रमाणपत्र नवीकरण गर्दा लाग्ने अनुसूची–१ बमोजिमको शुल्कको आधा शुल्क सहित आवश्यक प्रमाण सहित महानिर्देशक समक्ष दरखास्त दिएमा महानिर्देशकले प्रतिलिपि उपलब्ध गराउन आदेश दिनेछ ।

**♦४०ख. थकान (फेटिग) मा काममा लगाउन नहुनेः**

(१) इजाजतपत्र प्राप्त वायुयान चालक तथा एयर ट्राफिक कन्ट्रोलरलाई थकान (फेटिग) को अवस्थामा काममा लगाउन हुँदैन ।

(२) उपनियम (१) बमोजिमको थकान सम्बन्धी अन्य व्यवस्था महानिर्देशकले तोके बमोजिम हुनेछ ।

**♣४१. व्यक्तिगत इजाजतपत्र/रेटिङ्ग तथा प्रमाणपत्र सम्बन्धी व्यवस्थामा छुट दिन सक्ने**

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सैनिक हवाई उडान दलको सदस्यता प्राप्त गरेको वा गैर सैनिक हवाई उडानमा सरकारी मान्यता प्राप्त उडान सम्बन्धी अनुभव वा हवाई उडान सम्बन्धी प्राविधिक ज्ञान भएको वा महानिर्देशकले तोकेको कुनै विशेष परीक्षा सन्तोषजनक रुपबाट उत्तीर्ण भएको कुनै वायुयान चालकको सम्बन्धमा महानिर्देशकले निजको प्राविधिक ज्ञान र क्षमताको समेत बिचार गरी व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा अन्य प्रमाणपत्रको लागि चाहिने योग्यताहरू मध्ये केही योग्यताहरूमा छूट दिन सक्नेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नियम ३२ अन्तर्गत प्रदान गरिने इजाजतपत्रको लागि आवश्यक अनुभव सम्बन्धी योग्यतामा महानिर्देशकले उपयुक्त ठानेमा उडान सुरक्षामा असर नपर्ने सुनिश्चित हुने गरी केही छुट दिन सक्नेछ । तर यस किसिमको छुट कुनै व्यक्तिको हकमा एक पटक मात्र प्रदान गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको छुटको विवरण महानिर्देशकले राख्नु पर्नेछ ।

♦ पहिलो संशोधनवाट थप ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

## परिच्छेद–७
## हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था, वायुयान सिमुलेटर तथा बिभिन्न नागरिक उड्डयन विषयगत ग्राउण्ड कक्षा सञ्चालन सम्बन्धी व्यवस्था

**♥४२. हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्रको लागि दरखास्त दिने:**

(१) प्रचलित कानून बमोजिम इजाजत प्राप्त हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाले हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ♥अनुमति तथा प्रमाणपत्र को लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ♥अनुमति तथा प्रमाणपत्र बापत अनुसूची–१ बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग अनुसार वा आवश्यक संशोधन गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा दरखास्तवालालाई हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ♥अनुमति तथा प्रमाणपत्र दिन सक्नेछ ।

तर त्यस्ता संस्थाहरुले सञ्चालन गर्ने विषयवस्तु र क्रेडिट समय महानिर्देशक वा निजले तोकेको दक्षबाट इजाजत प्राप्त गरेको हुनु पर्नेछ ।

(४) हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ♥अनुमति तथा प्रमाणपत्र को दरखास्त दिने र ♥अनुमति तथा प्रमाणपत्र प्रदान गर्ने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**⊕४२क. विदेशी हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको मान्यता सम्बन्धी व्यवस्था :**

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्रबाट स्विकृती प्राप्त हवाई उड्डयन सम्बन्धी प्रशिक्षण संस्थाले मान्यता प्राप्त गर्न तोकिएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूचि - १ बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त उपर आवश्यक जाँचबुझ गरी महानिर्देशकले तोकिएको ढाँचामा दरखास्तवालालाई विदेशी हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको मान्यता प्रदान गर्नेछ र यस्तो मान्यताको अवधि दुई वर्षको हुनेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ तेश्रो संशोधनवाट थप ।



(३) उपनियम (२) बमोजिम मान्यता प्रदान गरिएको संस्थाले नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून, यस नियमावली वा यस नियमावली अन्तर्गत बनेका रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स तथा म्यानुअलमा उल्लेखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो मान्यतालाई रद्द गर्न वा कुनै अवधि तोकि निलम्बन गर्न सक्नेछ ।

(४) विदेशी हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको मान्यता सम्बन्धी अन्य व्यवस्था रिक्वायरमेण्ट्समा उल्लेख भए बमोजिम हुनेछ ।

**♥४३. बिभिन्न नागरिक उड्डयन विषयगत ग्राउण्ड कक्षा सञ्चालन संस्था सम्बन्धी व्यवस्था:**

(१) नागरिक उड्डयन सम्बन्धी बिभिन्न विषयको ग्राउण्ड कक्षा सञ्चालन गर्न प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुसेवा तथा संस्थाले त्यस्तो कक्षा सञ्चालन गर्ने अनुमतिको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा दरखास्तवालालाई नागरिक उड्डयन सम्बन्धी बिभिन्न विषयको ग्राउण्ड कक्षा सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्र दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा तथा संस्थाले त्यस्तो कक्षा सञ्चालन गर्नु पूर्व सञ्चालन गरिने कक्षाको विषयवस्तु, पाठ्यक्रम, पाठ्यांशभार तथा प्रशिक्षणमा संलग्न प्रशिक्षकहरुको योग्यता तथा तालीम म्यानुअल र त्यसमा समय समयमा परिमार्जन गर्नु परेमा सो समेत स्वीकृतिको लागि महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम दरखास्त दिने र अनुमति तथा प्रमाणपत्र दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**♦४३क. उडान प्रशिक्षण लिन पूर्व स्वीकृति लिनु पर्ने:**

(१) नियम ४२ बमोजिम अनुमति प्राप्त गरी नियम ४३ बमोजिम पाठ्यक्रम तथा तालीम म्यानुअल स्वीकृत प्राप्त प्रशिक्षण संस्थाबाट प्रशिक्षण लिन चाहने व्यक्तिले महानिर्देशकको पूर्व स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

♦ पहिलो संशोधनवाट थप ।

(२) उपनियम (१) बमोजिमको स्वीकृतिको लागि लाग्ने शुल्क अनुसूची–१ मा तोके बमोजिम हुनेछ ।

**४४. ∝..प्रशिक्षण संस्था सञ्चालन गर्ने अनुमतिपत्र रद्द वा निलम्वन गर्ने:**

(१) नियम ४२ र ४३ बमोजिम ...∝ प्रशिक्षण सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त हवाई उडान सञ्चालन गर्ने संस्थाले गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था बिपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो ∝.. प्रशिक्षण सञ्चालन गर्ने अनुमति पत्र रद्द गर्न वा सोही आदेशमा उल्लेख भएको अवधिसम्मको लागि निलम्वन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रद्द वा निलम्वन गर्ने आदेश दिएकोमा सोको जानकारी प्रचलित कानून बमोजिम त्यस्तो संस्था दर्ता गर्ने कार्यालयलाई पनि दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रद्द वा निलम्वन गर्ने आदेश दिनु अघि सम्बन्धित ∝.. प्रशिक्षण सञ्चालन गर्ने संस्थालाई सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

**♦४४क. अनुमति तथा प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्थाः**

•(१) यस नियमावलीको नियम ४२, ४३ र ४५(१) बमोजिम प्रदान गरिएको अनुमति तथा प्रमाणपत्रको अवधि नियम ४४ बमोजिम अगाबै निलम्बन वा रद्द गरिएको अवस्थामा बाहेक बढीमा दुई वर्षको हुनेछ ।

(२) हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था, प्रशिक्षण सिमुलेटर तथा अन्य ग्राउण्ड कक्षा सञ्चालन गर्ने अनुमतिको प्रमाणपत्र नवीकरणको लागि उपनियम (१) बमोजिम अवधि समाप्त हुनु ३० दिन अगावै अनुसूची–१ मा तोकिएको नवीकरण शुल्क सहित रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचा र कार्यविधि अनुसार दरखास्त दिनु पर्नेछ ।

**•४५. प्रशिक्षण संस्था तथा सिमुलेटर अनुमतिः**

(१) उडान तालिम उपकरण (सिमुलेटर): वायुसेवा संचालकले स्वदेशमा उडान चालक दलका सदस्यको दक्षता अभिवृद्धि गर्न तालिम, परीक्षण र जाँचको प्रयोजनका लागि तालिम उपकरण संचालन गर्न चाहेमा रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स तथा म्यानुअलमा उल्लेख भएबमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई संचालन अनुमति लिन अनुसूची - १ अनुसारको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स तथा म्यानुअलमा उल्लेख भएको व्यवस्था अनुसार त्यस्तो वायुसेवा संचालकलाई उडान तालिम उपकरण (सिमुलेटर) संचालन गर्ने अनुमति दिन सक्नेछ ।

(३) वायुसेवा संचालकले उडान चालक दलका सदस्यको दक्षता अभिवृद्धि गर्न तालिम, परीक्षण र जाँचको प्रयोजनका लागि विदेशस्थित तालिम उपकरण उपयोग गर्न चाहेमा महानिर्देशकले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्रबाट स्वीकृती प्राप्त संस्थामा सिमुलेटर तालिमको लागि मान्यता प्रदान गर्न सक्नेछ ।

(४) उपनियम (३)बमोजिम सिमुलेटर तालिमको मान्यताका लागि अनुसूची - १ अनुसारको शुल्क संलग्न गरी महानिर्देशकसमक्ष दरखास्त दिनुपर्नेछ ।

(५ उपनियम (४)बमोजिम प्रदान गरिएको मान्यताको अवधि दुई वर्षको हुनेछ ।

## परिच्छेद–८
## मान्यता दिने तथा मान्यता फिर्ता लिने सम्बन्धी व्यवस्था

**४६. टाइप प्रमाणपत्रको मान्यताः**

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट कुनै वायुयानको सम्बन्धमा प्रदान गरिएको टाइप प्रमाणपत्रको मान्यता प्राप्त गर्न चाहने वायुयान निर्माता आफैले वा वायुसेवा सञ्चालन गर्ने संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा त्यस्तो वायुयानको डिजाइन प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो वायुयानको टाइप प्रमाणपत्रलाई मान्यता दिनेछ ।

(४) उपनियम (३) बमोजिम दिईएको मान्यता सम्बन्धित टाइप प्रमाणपत्रको अभिन्न अंग हुनेछ ।

(५) उपनियम (३) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

---

∝ पहिलो संशोधनद्वारा झिकिएको ।

♦ पहिलो संशोधनवाट थप ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

## ४७. हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यताः

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट हवाई उडान योग्यताको प्रमाणपत्र प्राप्त वायुयान नेपाल राज्यमा उडाउन चाहेमा एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो प्रमाणपत्रलाई कुनै शर्त तोकी वा नतोकी मान्यता दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको मान्यता सम्बन्धित हवाई उडान योग्यताको प्रमाणपत्रको अभिन्न अंग मानिनेछ ।

(४) उपनियम (२) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

## ४८. हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिनेः

(१) नियम ४७ बमोजिम मान्यता प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्र प्राप्त वायुयानलाई त्यस्तो मान्यता प्रदान गर्दा उल्लेख भएको शर्त, गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित शर्त बिपरित उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयानको सम्बन्धमा दिइएको हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिनु अघि सम्बन्धित वायुयान धनी वा सञ्चालकलाई सफाई पेश गर्ने मुनासिव माफिकको मौका दिनु पर्नेछ ।

## ४९. वायुयान मर्मत तथा संभार संस्थाको मान्यताः

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट वायुयान मर्मत तथा संभार संस्था सम्बन्धी उद्योग व्यवसाय सञ्चालन गर्न प्रदान गरेको इजाजतपत्र अनुसार स्थापना गरेको वायुयान मर्मत तथा संभार संस्थाले नेपाली वायुयान मर्मत संभार गर्ने भएमा त्यस्तो संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो संस्थालाई कुनै शर्त तोकी नेपाली वायुयानको मर्मत तथा संभार र ओभरहल गर्न पाउने गरी मान्यता दिन सक्नेछ ।



(३) उपनियम (१) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

## ५०. वायुयान मर्मत तथा संभार संस्थाको मान्यता फिर्ता लिन सकिनेः

(१) नियम ४९ बमोजिम मान्यता प्राप्त वायुयान मर्मत तथा संभार संस्थाबाट नेपाली वायुयानको मर्मत तथा संभार वा ओभरहल गर्दा गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कुनै कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुयान मर्मत तथा संभार संस्थाको मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मान्यता फिर्ता लिनु अघि सम्बन्धित वायुयान मर्मत तथा संभार (एयर वर्क्स) संस्थालाई सफाई पेश गर्ने मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

## ५१. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको मान्यताः

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट प्रदान गरिएको व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग वा प्रमाणपत्र त्यस्तो व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग वा प्रमाणपत्रमा उल्लेख भएको अवधिसम्मको लागि ♣नेपालमा दर्ता भएको वायुयानको हकमा उपयोग गर्न मान्यता पाउँ भनी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिम शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो प्रमाणपत्रलाई कुनै शर्त बन्देज तोकी वा नतोकी मान्यता दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिएको मान्यता सम्बन्धित व्यक्तिगत इजाजतपत्र रेटिङ्ग तथा प्रमाणपत्रको अभिन्न अंग मानिनेछ ।

(४) उपनियम (२) बमोजिमको मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

♠(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्रबाट नेपाली नागरिकलाई प्रदान गरिएको व्यक्तिगत इजाजत पत्र तथा दक्षता प्रमाणपत्र (कम्पिटेन्सी सर्टिफिकेट) लाई नेपालको हवाई क्षेत्रमा उडान गर्ने प्रयोजनका लागि मान्यता दिन महानिर्देशकले अस्वीकार गर्न सक्नेछ ।

---

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

♠ दोस्रो संशोधनवाट थप ।

**५२. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिनेः**

(१) नियम ५१ बमोजिम मान्यता दिइएका व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र बाहकले मान्यता दिंदा तोकेको शर्त तथा गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअल बिपरित हुने गरी व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको प्रयोग गरेमा महानिर्देशकले त्यस्तो व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिने आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र बाहकलाई सफाई पेश गर्न मुनासिब माफिकको मौका दिनु पर्नेछ ।

**५३. वायुयान, वायुयानको पार्टपूर्जा आयात, संचय, ओभरहल तथा बिक्री बितरण गर्ने प्रमाणपत्रको मान्यताः**

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट वायुयानको पार्टपूर्जा आयात संचय, ओभरहल तथा बिक्री बितरण गर्ने संस्था सम्बन्धी उद्योग व्यवसाय सञ्चालन गर्न प्रदान गरेको इजाजतपत्र अनुसार स्थापना गरेको वायुयानको पार्टपूर्जा आयात, संचय, ओभरहल तथा बिक्री वितरण गर्ने संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरण खुलाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा त्यस्तो संस्थालाई शर्त तोकी वा नतोकी नेपाली वायुयानको आयात, संचय, ओभरहल तथा बिक्री बितरण गर्न पाउने गरी मान्यता दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

**५४.** यस नियमावलीको नियम ४६, ४७, ४९, ५१, ५३ अनुसार दिईने प्रमाणपत्रको मान्यता सम्बन्धी इजाजत शुल्क सो सम्बन्धी अनुमति वा प्रमाणपत्र दिंदा लाग्ने शुल्क सरह हुनेछ ।



## परिच्छेद–९
## उडान, अवतरण, विमानस्थल प्रयोग र रुट सेक्टर अनुमति सम्बन्धी व्यवस्था

**५५. उडान अनुमति नलिई वायुयान उडान गर्न नहुनेः** नियम ५६ बमोजिम उडान अनुमति नलिइ कसैले पनि नेपाल राज्यको वायु क्षेत्रमा हवाई उडान सञ्चालन गर्नु गराउनु हुँदैन ।

**५६. उडान अनुमति लिनु पर्नेः**

(१) नेपाल राज्यको हवाइ क्षेत्रभित्र कुनै वायुयान उडान गर्न वा कुनै विमानस्थलको धावनमार्ग तथा हेलिप्याडमा उडान तथा अवतरण गर्ने अनुमतिको लागि सम्बन्धित वायुयान धनी वा वायुसेवा सञ्चालन संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले अनुमति दिनु पर्ने वायुयानको प्राविधिक पक्ष, विमानस्थल र विमानस्थलको धावनमार्ग समेतलाई बिचार गरी दरखास्तवालाको माग अनुसार वा आवश्यक शर्तहरु समेत तोकी उडान तथा अवतरण अनुमति दिन सक्नेछ ।

•(३) उपनियम (२) को अधिनमा रही महानिर्देशकले देहाय बमोजिम उडान तथा अवतरण अनुमति प्रदान गर्न सक्नेछ :

(क) आन्तरिक तथा अन्तर्राष्ट्रिय नियमित (सेड्युल्ड) उडान,

(ख) आन्तरिक तथा अन्तर्राष्ट्रिय अनिश्चित (नन्सेड्युल्ड) तथा चार्टर उडान,

(ग) आकस्मिक उडान (जस्तै उद्धार, एम्बुलेन्स आदि उडान),

(घ) कुटनैतिक उडान,

(ङ) परीक्षण उडान,

(च) प्रयोगमूलक उडान,

(छ) एरियल सर्भे तथा कृषि सम्बन्धी उडान,

(ज) ग्लाइडर, बेलून, मानवरहित वायुयान उडान,

(झ) निजी उडान लगायत अन्य सबै किसिमका उडान ।

(४) उपनियम (३) को खण्ड (ग) अनुसारको उडान अनुमति आवश्यकतानुसार मौखिक रुपमा पनि माग्न र दिन सकिनेछ । यसरी दिएको अनुमतिको अभिलेख राख्नु पर्नेछ ।

•(५) उपनियम (३) को खण्ड (ख),(ङ),(च) र (ज) बमोजिमको उडान अनुमति शुल्क अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

(६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुसेवाहरुले नियमित उडानका लागि एनेक्स, म्यानुअल तथा डाइरेक्टिभ्समा उल्लेख भए बमोजिम आफ्नो उडान तालीका महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ र महानिर्देशकबाट स्वीकृत भए पछि मात्र उडान सञ्चालन गर्नु पर्नेछ ।

(७) अन्तर्राष्ट्रिय चार्टर उडान सञ्चालनको लागि उडान अनुमति दिंदा महानिर्देशकले आवश्यक शर्तहरु तोकी दिन सक्नेछ ।

⊕(८) उपनियम (३) को खण्ड (क) बमोजिम नियमित (सेड्युल्ड) उडानहरुको अनुगमन महानिर्देशकले गर्नेछ र यसरी अनुगमन गर्दा स्विकृत उडान तालिकाको पालना नगर्ने वायुसेवाको उडानमा महानिर्देशकले रोक लगाउन सक्नेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको निमित्त "प्रयोगमूलक उडान" भन्नाले कुनै वायुयानको क्षमता प्रदर्शन वा जाँच गर्न अनुमति लिई नेपालको हवाई क्षेत्रमा संचालन गरिने उडानलाई मानिनेछ ।

♦५६क. **उडानका लागि विशेष शर्त आवश्यक पर्ने:** महानिर्देशकले उडान सुरक्षाको दृष्टिले भौगोलिक विकटताको आधारमा विमानस्थलहरुमा वायुयान सञ्चालनका लागि विशेष शर्तहरु तोक्न सक्नेछ ।

**५७. विमानस्थल सञ्चालन तथा उडान अनुमति सम्बन्धी व्यवस्थाः**

(१) एनेक्स तथा म्यानुअल तथा डाइरेक्टिभस्मा उल्लेख भए बमोजिम विमानस्थल खुल्ला राखी हवाई अपरेसन सेवा उपलब्ध गरिनेछ ।

(२) एनेक्स, म्यानुअल तथा डाइरेक्टिभ्समा निर्दिष्ट गरिएको समय बाहिर विमानस्थल खुल्ला राखी हवाई अपरेशन सेवा चाहने सम्बन्धित वायुयान धनी वा वायुसेवा सञ्चालन संस्थाले आवश्यक विवरण खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त परेपछि महानिर्देशकले वायुयानको प्राविधिक पक्ष, विमानस्थल र विमानस्थलको सुविधा समेतलाई बिचार गरी आवश्यक शर्तहरु र प्रचलित कानूनमा उल्लेख भएको शुल्क बाहेक विमानस्थल प्रयोग गर्दा खर्च हुन आउने रकम (Cost Recovery) समेत तोकी अपरेशन सेवा सञ्चालन अनुमति दिन सक्नेछ ।

(४) द्विपक्षीय तथा बहुपक्षीय हवाई सेवा संझौता भई सञ्चालन हुने स्वदेशी विमान सेवाहरुलाई रुट सेक्टर तथा फ्रिक्वेन्सी प्राधिकरणबाट समय समयमा तोके बमोजिम हुनेछ ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

⊕ तेस्रो संशोधनद्वारा थप ।

♦ पहिलो संशोधनवाट थप ।



♦**५७क. एयर ट्राफिक सेवा सम्बन्धी व्यवस्थाः**

(१) नेपाल राज्यमा प्रदान गरिने एयर ट्राफिक सेवा प्राधिकरणबाट जारी गरिएको सिभिल एभिएशन रिक्वारमेण्ट्सले तोकेको स्तर बमोजिम हुनेछ ।

(२) उपनियम (१) को स्तर बमोजिम सेवा सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित विमानस्थल प्रमुखको हुनेछ ।

(३) एयर ट्राफिक कन्ट्रोलरले प्रदान गर्ने निर्देशन उडानको दौरानमा सबै वायुयान चालकले पालना गर्नु पर्नेछ ।

•(४) उपनियम (३) बमोजिम एयर ट्राफिक कन्ट्रोलरले दिएको आदेश उडान सुरक्षाको दृष्टिले परिपालना गर्न नसकिने अवस्था उत्पन्न भएमा वायुयान चालकले अबिलम्ब सो को जानकारी एयर ट्राफिक कन्ट्रोलरलाई गराई वैकल्पिक आदेश वा अनुमति माग गर्न सक्नेछ ।

(५) एयर ट्राफिक सेवा सम्बन्धी कुनै पनि घटना वा उडान सुरक्षामा असर पर्ने वा पर्न सक्ने कुनै पनि सूचना तथा जानकारी अविलम्व महानिर्देशकलाई उपलब्ध गराउनु पर्नेछ ।

♦**५७ख. एरोनटिकल इन्फर्मेसन सेवा सम्बन्धी व्यवस्थाः**

(१) नागरिक उड्डयन सम्बन्धी सूचना तथा जानकारी एनेक्स तथा म्यानुअलमा उल्लेखित ढाँचामा एरोनटिकल इन्फर्मेसन सेवा मार्फत नियमित रुपमा प्रकाशन गरिनेछ ।

♦**५७ग. हवाई मार्ग सम्बन्धी व्यवस्थाः**

(१) नेपालको हवाई क्षेत्रभित्र उडान गर्न प्रयोग हुने हवाइ मार्ग तथा विभिन्न विमानस्थलहरू आगमन तथा प्रस्थानको लागि प्रयोग गरिने यान्त्रिक उडान विधि (Instrument Flight Procedures) तथा दृष्टिगोचर उडान विधिहरू (Visual Flight Procedures) महानिर्देशकले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्य प्राधिकरणबाट अनुमति प्राप्त संस्था वा व्यक्तिहरूबाट मात्र सम्पादन गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अनुमतिको लागि अनुसूचि - १ मा तोकिए बमोजिमको शुल्कः सहित एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचा तथा कार्यविधि बमोजिम दरखास्त दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम दिइने अनुमतिको अवधि दुई वर्ष को हुनेछ ।

♦ पहिलो संशोधनवाट थप ।

• तेस्रो संशोधनद्वारा संशोधित ।

♦५७घ. **हवाई भाडा दर अनुगमन गर्नेः**

(१) नेपाल राज्यमा सञ्चालन हुने आन्तरिक वायुसेवाहरूले निर्धारित हवाई भाडा दर पालना गरे नगरेको वारेमा महानिर्देशकले अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा निर्धारित हवाई भाडा दर पालना नगरेको पाइएमा त्यस्तो वायु सेवा सञ्चालन संस्थालाई महानिर्देशकले आवश्यक कारवाई गर्नेछ ।

**५८. उडान अनुमति नदिइनेः** देहाय बमोजिमका आवश्यकता पूरा नगरेका कुनै पनि वायुयानलाई नियम ५६ बमोजिम उडान अनुमति दिइने छैनः

(क) राष्ट्रिय रजिष्ट्रेशन चिन्ह अंकित नगरेका,
तर नियम ५६ को उपनियम (३) को खण्ड (ज) बमोजिमको उडानको हकमा महानिर्देशकले यो खण्ड बमोजिमको शर्त पूरा नगरेको भएता पनि उडान अनुमति दिन सक्नेछ ।

(ख) उडान योग्यताको प्रमाणपत्र नभएको,

(ग) व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र नभएका वा आवश्यक संख्यामा क्रु नभएको,

(घ) हवाई उडानको लागि अन्य आवश्यक कागजात नभएको ।

**५९. अनुमति दिएको उडान बाहेक अन्य उडान गर्न नहुनेः** नियम ५६ बमोजिम जुन प्रकारको उडानको लागि अनुमति दिइएको छ सो बमोजिमको उडान नगरी अन्य कुनै पनि प्रकारको उडान गर्न गराउन हुँदैन ।

**६०. एक कामको लागि निर्मित वायुयान अर्को कामको लागि उडान गर्न नहुने :** वायुयान निर्माताले जुन कामको प्रयोजनको लागि वायुयान निर्माण गरेको छ सोही कामको प्रयोजनको लागि बाहेक अन्य कामको प्रयोजनको लागि उपयोग गर्ने उद्देश्यले त्यस्तो वायुयान कसैले पनि उडान गर्न हुँदैन ।

♦६०क. **वायुयानमा राख्नु पर्ने उपकरण सम्बन्धी व्यवस्थाः**

(१) नेपाली हवाई क्षेत्रमा सञ्चालन हुने वायुयानमा उडान सुरक्षाको दृष्टिले महानिर्देशकले तोके बमोजिमका यन्त्र तथा उपकरणहरु जडान गरिएको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको यन्त्र उपकरण जडान नभएको वा जडान भएर पनि उपयोगमा नल्याएको पाइएमा महानिर्देशकले त्यस्तो वायुयान सञ्चालनमा रोक लगाउन सक्नेछ ।

♥६१. **हवाई उडान तथा वायुयानसँग सम्बन्धित कागजात साथमा राख्नु पर्नेः** हवाई उडान तथा वायुयानसँग सम्बन्धित देहायका कागजातहरु साथमा नराखी कसैले पनि ♣नेपाली दर्ताको वायुयान उडान गर्नु हुँदैनः-

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यताको प्रमाणपत्र,

(ग) उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र,

(घ) वायुयानको यात्रा अभिलेख पुस्तिका (Journey log book),

(ङ) वायुयानमा रेडियो उपकरण जडित भएको खण्डमा रेडियो स्टेशन इजाजतपत्र,

(च) यात्रु वाहक वायुयान भएमा सो वायुयानमा यात्रा गर्ने प्रत्येक यात्रुहरुको नाम, राष्ट्रियता, प्रस्थान तथा गन्तव्य स्थल खुल्ने कागजात,

(छ) कार्गो वाहक वायुयान भएमा कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात ।

♠६१(क) **इन्टरसेप्सन आदेश पालना गर्नुपर्ने :** नेपाली दर्ताको वायुयान वा नेपाली वायुसेवा कम्पनी वा व्यक्तिले भाडामा ल्याई सञ्चालन गरेको वायुयानले विदेशी राष्ट्रको हवाई क्षेत्रमा उडानरत रहेको अवस्थामा उक्त राष्ट्रको अधिकार प्राप्त निकायले दिएको इन्टरसेप्सन आदेशलाई तत्काल पालना गर्नु पर्नेछ ।

**६२. निषेधित क्षेत्रमा वायुयान उडान गर्न नहुनेः** नेपाल सरकार एवं प्राधिकरणले पूर्ण रुपमा वायुयान उडान गर्न मनाही गरेको क्षेत्र र तोकिएको अवस्था तथा समयमा मात्र उडान गर्न पाउने भनी तोकेको क्षेत्रमा त्यसरी तोकिदिएको अवस्था तथा समयमा बाहेक अन्य अवस्था तथा समयमा कसैले पनि वायुयान उडाउन हुँदैन ।

**६३. तोकि दिएको स्थान बाहेक अन्य स्थानमा वायुयान प्रवेश, प्रस्थान तथा उडान गर्न नहुनेः** नियम ५६ बमोजिम प्राप्त अनुमतिबाट तोकेको स्थान बाहेक अन्य कुनै पनि स्थानबाट वायुयान प्रवेश गर्न प्रस्थान गर्न, उडान गर्न र ओराल्न हुँदैन ।

**६४. तत्काल वायुयानको उडान रोक्न सकिनेः** नेपाल सरकार वा प्राधिकरणले कुनै क्षेत्र वा स्थानमा वायुयान उडान गर्न सुरक्षा एवं अन्य दृष्टिकोणबाट उपयुक्त छैन भन्ने ठानेमा त्यस्तो क्षेत्र वा स्थानबाट जुनसुकै वायुयानलाई प्रवेश गर्न, प्रस्थान गर्न, उडान गर्न वा ओराल्न रोक लगाउने गरी आदेश दिन सक्नेछ ।

---

♦ पहिलो संशोधनवाट थप ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

♠ दोस्रो संशोधनबाट थप ।

## परिच्छेद–१०
## हवाई उडान सुरक्षात्मक सञ्चालन सम्बन्धी व्यवस्था

♥६५. **प्रमुख वायुयान चालक (पाइलट इन कमाण्ड) सन्तुष्ट हुनु पर्नेः** देहाय बमोजिमको विषयमा प्रमुख वायुयान चालक (पाइलट इन कमाण्ड) सन्तुष्ट नभई वायुयान उडान गर्नु हुँदैनः-

(क) वायुयानको उडान योग्यताको प्रमाणपत्र मान्य रहेको,
(ख) वायुयानको उडान मार्ग तथा गन्तब्य विमानस्थलको मौसम उडान अवतरणका दृष्टिले अनुकूल रहेको,
(ग) वायुयानको कूल तौल प्रस्तावित उडानको लागि सुरक्षित रहेको,
(घ) वायुयानमा राखिएका सामानहरू उडान सुरक्षित हुने गरी सन्तुलित र बचावटका साथ राखिएको,
(ङ) प्रस्तावित उडानको निमित्त आवश्यक र न्यूनतम जगेडा परिमाणमा इन्धन वायुयानमा विद्यमान रहेको,
(च) अन्य दृष्टिकोणबाट वायुयान उडानको लागि सुरक्षित रहेको ।

६६. **जीवनोद्धार सामग्रीको अभावमा वायुयान उडान गर्न नहुनेः** आकस्मिक तथा संकटकालीन स्थितिमा यात्रुहरुको जीवनोद्धारको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको जीबनोद्धार सामग्री तथा त्यस्तै अन्य प्रकारका उपकरणको अभावमा वायुयान उडान तथा सञ्चालन गर्न हुँदैन ।

६७. **अग्नि निवारण सामग्री तथा उपकरणको अभावमा वायुयान उडान गर्न नहुने :** यात्रु, वायुयान, विमानस्थल तथा अन्य कुराहरुको सुरक्षाको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको अग्नि निवारण सामाग्री तथा त्यस्तै अन्य प्रकारका उपकरणको अभावमा वायुयान उडान तथा सञ्चालन गर्न हुँदैन ।

♣६८. **प्रज्वलनशील तथा खतराजन्य बस्तु तथा पदार्थ ओसार पसार गर्न अनुमती लिनुपर्नेः** (१) नेपाल सरकार वा प्राधिकरणले तोकेका प्रज्वलनशील तथा खतराजन्य बस्तु तथा पदार्थ तोकेको परिमाण भन्दा बढी हुने गरी र तोकेको तरिका बाहेक अन्य तरिकाबाट त्यस्ता बस्तु तथा पदार्थ वायुयानबाट ओसार पसार गर्न हुँदैन ।

(२) उपनियम (१) बमोजिम प्रज्वलनशील तथा खतराजन्य बस्तु तथा पदार्थ ओसार पसार गर्ने अनुमतीपत्रका लागि अनुसूची-१ बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।



(३) उपनियम (२) बमोजिम दरखास्त पर्न आएपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(४) प्रज्वलनशील तथा खतराजन्य बस्तु तथा पदार्थ ओसार पसार सम्बन्धी अन्य व्यवस्था महानिर्देशकबाट जारी भएको खतराजन्य बस्तु तथा पदार्थ ओसार पसार सम्बन्धी आवश्यकताहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

♦६८क **उडान दलको आदेश पालन गर्नु पर्नेः**

(१) उडानको समयमा उडान दलद्वारा दिइएको आदेश वायुयानमा सवार यात्रुले पालना गर्नु पर्नेछ ।
(२) उपनियम (१) बमोजिम दिएको यस्तो आदेश पालना नगरेमा सोको विवरण प्रमुख वायुयान चालकले गन्तव्य विमानस्थलको प्रमुखलाई दिनु पर्नेछ ।
(३) उपनियम (२) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित विमानस्थल प्रमुखले आवश्यक जाँचबुझ गर्दा यात्रुले आदेश उल्लङ्घन गरेको देखिएमा ऐनको दफा २५ को उपदफा (४) बमोजिम सजाय गर्न सक्नेछ ।

६९. **क्रुले मदिराजन्य पेय पदार्थ सेवन गर्न नहुनेः** क्रुले उडान कार्यको क्षमतामा प्रतिकूल असर पर्ने गरी मदिराजन्य पेय पदार्थ सेवन गरी वायुयान उडान गर्न हुँदैन ।

♦६९क. **इजाजतपत्रवालाले मनोत्तेजक पदार्थको प्रभावमा कार्य गर्न नहुनेः**

(१) मनोत्तेजक पदार्थको प्रभावमा रहेको अवस्थामा उडानमा संलग्न चालक दलका सदस्यले उडानमा संलग्न हुनु हुँदैन ।
(२) व्यक्तिगत इजाजतपत्र तथा प्रमाणपत्र धारक व्यक्तिले मनोत्तेजक पदार्थको प्रभावमा रहेको अवस्थामा इजाजतपत्रको अधिकार प्रयोग गर्नु हुँदैन ।
(३) उपनियम (१) र (२) विपरीत कार्य गरेमा निजको व्यक्तिगत इजाजतपत्र तथा प्रमाणपत्र तत्काल निलम्बन वा रद्द गर्नेतर्फ कारवाई प्रकृया शुरु गरिनेछ ।
(४) महानिर्देशकले जुनसुकै बेला इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्तिको स्वास्थ्य परीक्षण गर्ने गराउने आदेश दिन सक्नेछ ।

⊕६९ख. **लेजर बीम जस्ता साधन प्रयोग गर्न नहुने :**
(१) विमानस्थल, वायुयान उडान तथा अवतरण क्षेत्र, हवाई मार्ग लगायतका क्षेत्रमा उडान सुरक्षामा खतरा हुने गरी कसैले पनि लेजर लाइट, लेजर

♦ पहिलो संशोधनबाट थप ।

⊕ तेस्रो संशोधनद्वारा थप ।

बीम लगायत यस्तै अन्य साधन तथा उपकरणको प्रयोग गर्नु गराउनु हुँदैन ।

(२) उपनियम (१) को प्रावधानको विपरित कार्य गर्ने गराउने माथि नागरिक उड्डयन सम्बन्धी कानून बमोजिम कारवाही हुनेछ ।

•७०. **धुम्रपान गर्न नहुने :** वायुयान, ह्यांगर, वायुयान विसान क्षेत्र तथा प्राधिकरणले तोकेको स्थानमा कसैले पनि धुम्रपान गर्नुहुँदैन

७१. **अनधिकृत स्थानमा यात्रु तथा मालसामान राख्न नहुने :** यात्रु तथा मालसामान राख्ने निश्चित स्थान बाहेक अन्य स्थानमा यात्रु तथा मालसामान राख्नु हुँदैन ।

७२. **उडान समयमा वायुयानमा राख्न नहुने व्यक्तिः** महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक देहाय बमोजिमका व्यक्तिहरुलाई जानी जानी वायुयानमा राखी कसैले पनि वायुयान उडान गर्न हुँदैन ।

(क) मानसिक अवस्था ठीक नभई होस ठेगानामा नभएको वा बहुलाएको,

(ख) प्रचलित कानून बमोजिम कैदको सजाय भोगिरहेको व्यक्ति,

(ग) गम्भिर प्रकृतिको फौजदारी अभियोगमा पूर्पक्षकोलागि थुनामा रहेको व्यक्ति ।

७३. **जीव, जन्तु, चरा आदिलाई उडान समयमा वायुयानमा राख्न नहुने :** महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक उडान समयमा जीव, जन्तु, चरा आदिलाई वायुयानमा राख्न हुँदैन ।

## परिच्छेद–११
## सञ्चार र विमानस्थल सुरक्षा सम्बन्धी व्यवस्था

७४. **प्राधिकरण बाहेक अरुले प्रकाश र संकेतको व्यवस्था गर्न नहुने :**

(१) विमानस्थल, विमानस्थल क्षेत्र र वायुयान प्रस्थान गर्ने तथा ओह्राल्ने भनी उल्लेख भएको स्थानमा अन्य कसैले टहरा, टावर, लठ्ठा, रुख जस्ता कुनै कुरा खडा गरी वायुयान चालकलाई भ्रम पर्ने किसिमको कुनै प्रकारको प्रकाशको व्यवस्था गर्नु हुँदैन ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणले प्रकाशको व्यवस्था गर्दा अपनाउनु पर्ने अन्य प्राविधिक शर्त बन्देज एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

♥७५. **सञ्चार तथा उड्डयन सहाय उपकरण सम्बन्धी व्यवस्थाः**

•(१) नेपाल राज्यमा हवाई संचार, उड्डयन सहाय तथा निगरानी सम्बन्धी उपकरण जडान तथा संचालन गर्दा निर्माता राष्ट्रबाट टाइप अनुमति

---

• तेश्रो संशोधनद्वारा संशोधित ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।



प्राप्त वा अन्तर्राष्ट्रिय एयर नेभिगेसनको क्षेत्रमा प्रयोग भएका उपकरण मात्र प्रयोग गर्नुपर्नेछ ।

(२) निर्माता राष्ट्रले निर्धारण गरेको तथा एनेक्समा तोकिएको प्रावधान अनुरुप भएका हवाई •सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरणको जडान तथा सञ्चालनको लागि महानिर्देशकले स्वीकृति दिनेछ । महानिर्देशकले आवश्यकता अनुसार थप शर्तहरू तोक्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृत हवाई संचार, उड्डयन सहाय तथा निगरानी उपकरण जडान तथा सञ्चालन गर्न योग्य छ भनी नियम ३२ को खण्ड (ध) बमोजिम इजाजतपत्र प्राप्त प्राविधिकले सञ्चालन योग्य रहेको भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम स्वीकृत तथा प्रमाणित हवाई •सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण जडान तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित विमानस्थल प्रमुखको हुनेछ ।

(५) •सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण मर्मत सम्भारको अभिलेख तोकेको ढाँचामा अद्यावधिक गरी राख्नु पर्ने जिम्मेवारी सम्बन्धित विमानस्थल प्रमुखको हुनेछ ।

(६) •सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरणहरूको उपकरण निर्माता तथा एनेक्समा तोकेको विधि बमोजिम उडान निरीक्षण (Flight Inspection) गर्नु पर्नेछ । त्यस्तो निरीक्षण सम्बन्धित राष्ट्रबाट उडान निरीक्षणको अनुमति प्राप्त संस्थाबाट मात्र गराउनु पर्नेछ ।

(७) •सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरणरूको सञ्चालनमा उडान सुरक्षामा असर पर्ने कुनै अवरोध आएमा तत्काल सो को जानकारी महानिर्देशकलाई गराउनु पर्नेछ ।

♦७५क. **विमानस्थल तथा अन्यत्र जडान हुने प्रकाश तथा उडान दृष्टि सहायक उपकरणहरु (Visual Aids) सम्बन्धी व्यवस्थाः**

(१) वायुयान उडान अवतरण प्रयोजनको लागि विमानस्थल तथा उडान क्षेत्रमा जडान तथा प्रयोग हुने प्रकाश तथा दृष्टि सहायक उपकरणहरु (Visual Aids) निर्माता राष्ट्रबाट टाइप अनुमति प्राप्त गरेका हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको उपकरण नेपाल राज्यमा जडान तथा सञ्चालन गर्न महानिर्देशकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

---

• तेश्रो संशोधनद्वारा संशोधित ।

♦ पहिलो संशोधनवाट थप ।

(३) उपनियम (२) बमोजिमको स्वीकृति दिँदा महानिर्देशकले ती उपकरणहरुको सञ्चालन तथा मर्मत संभार उपकरण निर्माताले निर्धारण गरे बमोजिम तथा एनेक्समा तोकिएको प्रावधान अनुरुप हुने सुनिश्चित गरी आवश्यकतानुसार सञ्चालनका लागि थप शर्तहरु समेत तोक्न सक्नेछ ।

(४) महानिर्देशकबाट अनुमति प्राप्त प्राविधिकले मात्र वायुयान उडान अवतरण प्रयोजनको लागि प्रयोग हुने प्रकाश तथा दृष्टि सहायक उपकरणहरु (Visual Aids) को मर्मत सम्भार गर्नु पर्नेछ र त्यसको अभिलेख महानिर्देशकले तोकेको ढाँचामा तोकेको अवधिसम्म अद्यावधिक राख्नु पर्नेछ

(५) वायुयान उडान अवतरण प्रयोजनको लागि प्रयोग हुने प्रकाश तथा दृष्टि सहायक उपकरणहरु (Visual Aids) को निर्माताले तोके बमोजिम उडान निरीक्षण (Flight Inspection) गर्नु पर्नेछ । त्यस्तो निरीक्षण सम्बन्धित राष्ट्रबाट उडान निरीक्षणको अनुमति प्राप्त संस्थाबाट मात्र गराउनु पर्नेछ ।

(६) वायुयान उडान र अवतरण प्रयोजनको लागि प्रयोग हुने प्रकाश तथा दृष्टि सहायक उपकरणहरु (Visual Aids) को सञ्चालनको क्रममा उडान सुरक्षामा असर पर्न सक्ने गरी कुनै किसिमको अवरोध आएमा तत्काल तोकिएको ढाँचामा सोको जानकारी महानिर्देशकलाई दिनु पर्नेछ ।

**७६. अनुमति बिना विमानस्थल निषिद्ध क्षेत्रमा प्रवेश गर्न नहुनेः**

(१) सम्बन्धित विमानस्थल प्रमुखले तोकेको निषिद्ध क्षेत्रमा अनुमति बिना प्रवेश गर्न हुँदैन ।

(२) यात्रा तथा उडान सम्बन्धी वैध कागजात तथा हवाई टिकट वाहक यात्रुलाई निजले यात्रा गर्न तय भएको वायुयानसम्म पुग्नको लागि विमानस्थल कार्यालयले तोकेको मार्गबाट प्रवेश अनुमति दिन सक्नेछ ।

**७७. वधशाला स्थापना गर्न नहुनेः** विमानस्थल क्षेत्रको तीन किलोमिटर वरपर कसैले पनि खुला रुपमा बधशाला स्थापना गर्नु हुँदैन ।

**७८. वातावरण दुषित पार्न नहुने :**

(१) विमानस्थल क्षेत्रभित्र कसैले फोहोर मैला अव्यबस्थित रुपमा राख्न पाइने छैन ।

(२) जथाभावी फोहोर मैला गर्ने व्यक्ति वा संस्थालाई प्राधिकरणले समय समयमा निर्धारण गरे अनुसार दण्ड जरिवाना गर्न सक्नेछ ।

(३) विमानस्थलको वरिपरी कम्तिमा तीन किलोमिटरको क्षेत्रमा कसैले पनि वातावरणलाई दूषित पार्ने किसिमले खुला रुपमा फोहरमैला आदि अव्यवस्थित तवरले थुपार्न र फ्याँक्न हुँदैन ।

(४) सांस्कृतिक सम्पदा, वायुमण्डल तथा वातावरणमा पर्न सक्ने प्रदूषणको प्रभाव कम गर्न प्राधिकरणले निर्धारण गरेको प्रदूषणको सहन सीमा नाध्ने गरी कसैले पनि वायुयान उडान गर्न तथा सञ्चालन गर्न हुँदैन ।



(५) विमानस्थलमा दिगो वातावरण राख्नको लागि प्रति अवतरण र उडानमा प्राधिकरणले छुट्टै शुल्क समय समयमा निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद–१२
## विविध

**७९. दुर्गम क्षेत्र हवाई सेवा कोषको स्थापन र सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) सडक यातायात नपुगेका दुर्गम क्षेत्रका नेपाल सरकारले तोकिदिएको विमानस्थलमा नेपाल सरकारले निर्धारण गरिदिएको कम मूल्यमा उडान गर्ने वायुयान उडान गर्दा कमी हुन आउने रकम मध्ये केही रकम अनुदान दिने प्रयोजनको लागि नेपाल सरकारले दुर्गम क्षेत्र हवाई सेवा कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष स्थापना भएमा आन्तरिक उडानको सेक्टरमा बिदेशी पर्यटकसंग नेपाल सरकारले तोकिदिएको पर्यटक भाडा (डलर फेयर) लिई उडान सञ्चालन गर्ने वायुसेवाले देहाय बमोजिमको रकम उक्त कोषमा जम्मा गर्नु पर्नेछ :

(क) पर्वतीय उडानको प्रति बिदेशी पर्यटक यात्रु–अमेरीकी डलर चारका दरले ।

(ख) अन्य सेक्टरको उडानको प्रति बिदेशी पर्यटक यात्रु–अमेरीकी डलर दुईका दरले

(ग) चार्टर गर्ने हेलिकोप्टर लगायतका वायुयानले चार्टर पार्टीबाट प्राप्त गर्ने भाडा रकमको दुई प्रतिशतका दरले ।

(३) उपनियम (२) बमोजिमको रकम उडान भएको मितिले एक्काइस दिनभित्र जम्मा गरिसक्नु पर्नेछ । सो मितिदेखि थप तीस दिनसम्म जम्मा गर्ने वायुसेवालाई दश प्रतिशत जरिवाना लाग्नेछ र उक्त मिति भित्र जम्मा नगर्ने वायुसेवाको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्वन गरिनेछ ।

(४) यस नियमावली बमोजिम कोषको सञ्चालन नेपाल सरकारले तोकिदिएको कार्यविधि अन्तर्गत रही प्राधिकरणले गर्नेछ ।

♦**७९क. तेश्रो पक्षीय दायित्व लगायतका बीमा गराउनु पर्नेः** यस नियम बमोजिम वायुसेवा सञ्चालन प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले प्राधिकरणले तोके बमोजिम तेश्रो पक्षीय दायित्व लगायतका बीमा गराउनु पर्नेछ ।

**८०. आदेश तथा निर्देशन दिन सक्नेः**

(१) गैर सैनिक हवाई उडान ऐन, प्राधिकरण ऐन तथा अन्य प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही प्राधिकरणले एनेक्स तथा

---

♦ पहिलो संशोधनवाट थप ।

म्यानुअलको पालना गर्न गराउनको लागि सम्बन्धित निकाय, संस्था तथा व्यक्तिहरुलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आदेश तथा निर्देशन दिंदा खास गरी देहायको विषयमा दिन सकिनेछः

(क) वायुयानको दर्ता र चिन्ह सम्बन्धमा,

(ख) वायुयानको निरीक्षण र प्रमाणपत्र दिने सम्बन्धमा,

(ग) विमानस्थल तथा वायुयानमा जडान गरिने उपकरण तथा अन्य भौतिक चीज बस्तुको सम्बन्धमा,

(घ) क्रु, वायुयान मर्मत तथा संभार र एयर ट्राफिक कन्ट्रोलर सम्बन्धी व्यक्तिगत इजाजतपत्र वाहकलाई निजहरुबाट सम्पादन गरिने कामको सम्बन्धमा,

(ङ) भिजुअल र इन्स्ट्रुमेन्ट उडान सञ्चालन सम्बन्धमा,

(च) एयर ट्राफिक कन्ट्रोल, उडान सूचना र सचेत सेवाको स्थापना र सञ्चालन सम्बन्धमा,

(छ) निर्धारित सुरक्षा व्यवस्था अपनाउनु पर्ने सम्बन्धमा,

(ज) वायुयान घटना तथा दुर्घटना सम्बन्धमा जानकारी दिने, प्राविधिक जाँचबुझ गर्ने र सो सम्बन्धी सूचना प्रवाह गर्ने सम्बन्धमा,

(झ) हवाई उडान सञ्चालनमा मौसम सम्बन्धी सूचना प्रवाह गर्ने सम्बन्धमा,

(ञ) एयर ट्राफिक कन्ट्रोल र एयर नेभिगेशन सिष्टम सम्बन्धी सूचना दिने सम्बन्धमा,

(ट) एयर नेभिगेशनमा स्तरीय संचार उपकरण जडान गर्ने र त्यस्ता उपकरण सञ्चालन गर्ने प्रकृया निर्धारण गर्ने सम्बन्धमा,

(ठ) वायुयान उडान र सञ्चालनको लागि तत्सम्बन्धी सूचनाहरुको संकलन र प्रवाह गर्ने सम्बन्धमा,

(ड) हवाई सुरक्षा अभिबृद्धि सम्बन्धमा,

(ढ) दिगो तथा स्वच्छ वातावरण राख्ने सम्बन्धमा,

(ण) डम्पिङ्ग साइट निर्माण गर्ने सम्बन्धमा,

(त) उडान सुरक्षा अभिबृद्धि गर्ने सम्बन्धमा,

(थ) विमानस्थल सुविधा अभिबृद्धि गर्ने सम्बन्धमा,

(द) वायुयानको घटना तथा दुर्घटनाको जाँचबुझका लागि वायुयान तथा पार्टपूर्जाहरुलाई सुरक्षित राख्ने सम्बन्धमा,

(ध) उडान सुरक्षा सम्बन्धी जाँच (सेफ्टी अडिट) को सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा,

(न) वायुयानको घटना तथा दुर्घटना जाँच प्रतिवेदनका सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा,

(प) यस नियमावलीमा उल्लेख भएका अन्य विषयहरुका सम्बन्धमा ।



**८१. एनेक्स तथा म्यानुअल लागू गर्न सकिने**: प्राधिकरणबाट अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट जारी भएका एनेक्स वा सो को कुनै खण्ड र म्यानुअल तथा डकुमेन्ट्स वा सो को कुनै खण्ड गैर सैनिक हवाई उडानलाई सुरक्षित, नियमित र व्यवस्थित तुल्याउने दृष्टिकोणले आवश्यकता तथा औचित्यताको आधारमा लागू गर्न सक्नेछ ।

•**८२. रिक्वायरमेन्ट्स, डाइरेक्टिभ्स तथा म्यानुअल, जारी गर्न सक्ने**:

(१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनवाट निर्धारित मापदण्ड तथा सिफारिसको परिपालन गर्न,यस नियमावलीमा विद्यमान व्यवस्थाको कार्यान्वयन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरुलाई समेत ध्यानमा राखी अनुसूची -३ मा उल्लेखित विषयमा महानिर्देशकले आवश्यकतानुसार रिक्वायरमेन्ट्स, डाइरेक्टिभ्स, म्यानुअल, आदेश तथा सर्कुलर जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनेका रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स, म्यानुअल तथा सर्कुलरमा रहेको व्यवस्था नागरिक उड्डयन क्षेत्रसँग सम्बद्ध सबै पक्षहरुलाई लागू हुनेछ ।

♠**८२क. यस नियमावली वा सो अन्तर्गत बनेको रिक्वायरमेण्टस्मा छुट दिन सक्ने**:

(१) यस नियमावली अन्तर्गत बनेको कुनै रिक्वायरमेण्ट्समा वायुयान सञ्चालन, वायुयान मर्मत सम्भार, उड्डयन तालिम संस्था, विमानस्थल सञ्चालन, एयर नेभिगेसन सेवा सञ्चालन वा उड्डयन सुरक्षासँग सम्बन्धित कुनै सेवा वा सुविधाको सञ्चालन सम्बन्धमा निर्धारित प्रावधानहरुमा आवश्यकता तथा औचित्यताको आधारमा महानिर्देशकले कुनै छुट दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम महानिर्देशकले कुनै छुट दिँदा सुरक्षा जोखिम जाँच (सेफ्टी रिस्क एसेसमेण्ट) को माध्यमद्वारा उडान सुरक्षामा प्रतिकूल असर नपर्ने सुनिश्चित गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट दिएको संस्था, छुट दिएको विषय, छुटको समय सिमा तथा उडान सुरक्षामा प्रभाव नपर्ने सम्बन्धी विवरण स्पष्ट रुपमा खुलाई सम्बन्धित सबैको जानकारीको लागि सूचना दिनु पर्नेछ ।

**८३. मान्यता दिने सकिने:** नियम ८२ बमोजिम रिक्वायरमेन्ट्स, डाइरेक्टिभ्स, म्यानुअल नबनाएसम्म हवाई उडान तथा हवाई सेवा सञ्चालन सम्बन्धमा

---

• तेश्रो संशोधनद्वारा संशोधित ।

♠ दोस्रो संशोधनबाट थप ।

नेपाल सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा स्टायण्डर्डहरुलाई प्राधिकरणले मान्यता दिई लागू गराउन सक्नेछ ।

♦**८३क. सुरक्षा व्यवस्थापन (सेफ्टी म्यानेजमेन्ट) सम्बन्धी व्यवस्था:**

(१) यस नियमावली बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त सेवा प्रदायक संस्थाले सेवा सञ्चालन गर्दा नागरिक उड्डयनसंग सम्बन्धित तोकिएका सुरक्षा व्यवस्थापन प्रणाली लागू गराई कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(२) सुरक्षा व्यस्थापन प्रणाली सम्बन्धी अन्य व्यवस्थाहरु प्राधिकरणले जारी गरेको सेफ्टी म्यानेजमेण्ट रिक्वारमेण्टस्मा तोके बमोजिम हुनेछ ।

♦**८३ख. घटना तथा दुर्घटना जाँचबुझ गर्ने:**

(१) नागरिक उड्डयनसंग सम्बन्धित कुनै पनि घटना तथा दुर्घटनाहरू भएमा सो को प्रचलित कानून बमोजिम हुने जाँचबुझको अतिरिक्त महानिर्देशक आफैंले सो बारेमा जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझ नागरिक उड्डयनसंग सम्बन्धित सुरक्षा व्यवस्थाको परिपालना भए नभएको विषयमा हुनेछ र प्राधिकरणले तत्सम्बन्धी काम कारवाहीको विवरण अभिलेख अद्यावधिक रुपमा राख्नु पर्नेछ

♦**८३ग. उडान सुरक्षा सम्बन्धी घटना तथा सूचना उपलब्ध गराउनु पर्ने:**

(१) उडान सुरक्षा सम्बन्धी घटना तथा सूचनाहरू संकलन गर्ने प्रयोजनका लागि महानिर्देशकले भोलिन्टेरी इन्फरमेसन रिपोर्टिङ्ग प्रणाली र म्यानडेटरी इन्फरमेसन रिपोर्टिङ्ग प्रणाली लागू गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको भोलिन्टेरी इन्फरमेसन रिपोर्टिङ्ग प्रणालीबाट प्राप्त हुने सूचना तथा सूचना प्रदान गर्ने व्यक्तिको गोपनियता कायम राख्नु पर्नेछ । त्यस्तो सूचना दिएको कारणबाट मात्र सूचनाकर्तालाई कुनै किसिमको दायित्व वहन गराइने छैन ।

♥**८४. उडान सुरक्षा निरीक्षण, जाँचबुझ तथा कारबाही:**

•(१) यस नियमावली बमोजिम प्रदान गरिएको वा मान्यता दिएको कुनै इजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले त्यस्तो इजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रमा उल्लेखित कार्य गर्दा ऐन, यस नियमावली तथा यस नियमावली अन्तर्गत जारी गरिएको रिक्वायरमेण्ट्स, डाइरेक्टिभ, म्यानुअल, आदेश तथा सर्कुलरमा उल्लेख

---

♦ पहिलो संशोधनवाट थप ।

♥ पहिलो संशोधनद्वारा संशोधित ।

• तेश्रो संशोधनद्वारा संशोधित ।



गरे बमोजिमको सुरक्षा व्यवस्था कायम गरे नगरेको वारेमा निरीक्षण, जाँचबुझ तथा कारवाही गर्ने गराउने जिम्मेवारी महानिर्देशकको हुनेछ ।

(२) उपनियम (१) बमोजिमको निरीक्षण वा जाँचको लागि महानिर्देशकले सम्बन्धित क्षेत्रको विशेषज्ञ जनशक्तिलाई आवश्यक अधिकार प्रत्यायोजन गरी निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

♣(३) उपनियम (२) बमोजिम तोकिएको निरीक्षकलाई वायुयान, विमानस्थल वा उड्डयन सेवा वा सुविधासँग सम्बन्धित संरचना वा स्थानमा निरीक्षणको लागि प्रवेश गर्ने, सम्बद्ध व्यक्ति तथा निकायसँग सोधपुछ गर्ने, लिखित वा मौखिक बयान लिने, कागजातको छानबिन गर्ने वा कब्जामा लिने, सबुत प्रमाण सङ्कलन गर्ने लगायतको अधिकार हुनेछ ।

♣(४) उपनियम (३) बमोजिम निरीक्षकले निरीक्षणको क्रममा कुनै वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालन उडान सुरक्षाको दृष्टिले सुरक्षित नरहेको देखेमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालनमा रोक लगाउने वा त्यस्तो सञ्चालन कार्यमा संलग्न व्यक्ति वा संचालकलाई यस नियमावली बमोजिम प्रदान गरिएको इजाजतपत्र, प्रमाणपत्र वा अन्य कुनै कागजातबाट प्राप्त अधिकारको प्रयोगमा तत्काल वन्देज वा रोक लगाउन सकिनेछ ।

⊕तर यसरी रोक वा बन्देज लगाएको व्यहोरा अविलम्ब महानिर्देशकलाई जानकारी गराउनुपर्नेछ ।

(५) यस नियम बमोजिम गरिने निरीक्षण जाँचको सिलसिलामा लाग्ने शुल्क वा खर्च सम्बन्धित सेवा प्रदायकले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

♠(६) उपनियम (१) बमोजिम कारबाही सम्बन्धी अन्य व्यवस्था महानिर्देशकबाट जारी गरेको इन्फोर्समेन्ट म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

♦**८४क. नियमित निरीक्षण सम्बन्धी अधिकार प्रत्यायोजन गर्न सक्ने:**

(१) महानिर्देशकले वायुयानको उडान सञ्चालन तथा मर्मत संभारको नियमित निरीक्षणको लागि आवश्यक ठानेमा सम्बन्धित वायुसेवा सञ्चालन संस्थालाई शर्त सहित केही अधिकार तोकिएको अवधिको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

---

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

⊕ तेस्रो संशोधनद्वारा थप ।

♠ दोस्रो संशोधनवाट थप ।

♦ पहिलो संशोधनवाट थप ।

♦**८४ख. आचार संहिताः** हवाई उड्डयन सुरक्षासँग सम्बद्ध कार्यमा नियमन गर्ने कर्मचारीको लागि महानिर्देशकले आचार संहिता बनाई लागू गर्नेछ ।

**८५. परामर्शदाता (कन्सल्टेन्सी) तथा जनरल सेल्स एजेन्ट सेवा प्रदान गर्न अनुमति लिनु पर्नेः**

(१) प्रचलित कानून बमोजिम इजाजत प्राप्त संस्थाले हवाई उड्डयन सम्बन्धमा परामर्शदाता वा जनरल सेल्स सेवा सञ्चालन गर्न चाहेमा त्यस्तो सेवा सञ्चालन गर्नको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा महानिर्देशकले कुनै शर्त तोकी वा नतोकी त्यस्तो व्यक्ति वा संस्थालाई परामर्शदाता वा जनरल सेल्स एजेन्ट सेवा प्रदान गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने अनुमति वापतको शुल्क अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) यो नियमावली जारी हुनु पूर्व सञ्चालनमा आएका संस्थाहरुले यो नियमावली लागू भएको छ महिना भित्र अनुमति लिई सक्नु पर्नेछ ।

**८६. प्रमाणपत्र नवीकरण र दरखास्त दस्तुरः**

(१) यस नियमावलीमा उल्लेख भएका इजाजत, अनुमति वा प्रमाणपत्रको म्याद यस नियमावलीमा उल्लेख भएकोमा उल्लेख भए बमोजिमको अवधिसम्म र उल्लेख नभएकोमा प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म वहाल रहनेछ । प्रत्येक व्यक्ति वा संस्थाले इजाजत, अनुमति वा प्रमाणपत्रको म्याद सकिने •तीस दिन अगावै नियम बमोजिमको शुल्क संलग्न गरी नवीकरण गराउनु पर्नेछ ।

•(२) नियम (३२) बमोजिम जारी गरिने व्यक्तिगत इजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र उपनियम (१) बमोजिमको म्याद भित्र नवीकरण नगराई निम्न समयभित्र नवीकरण गर्न आएमा निम्न बमोजिमको थप बिलम्व शुल्क लाग्नेछ ।

(क) म्याद समाप्त भएको पैतिस दिन भित्र पच्चीस प्रतिशत,
(ख) म्याद समाप्त भएको नब्बे दिन भित्र पचास प्रतिशत,
(ग) म्याद समाप्त भएको एकसय असी दिन भित्र पचहत्तर प्रतिशत ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्रपनि नवीकरण गराउन नआएमा त्यस्तो इजाजत, अनुमति वा प्रमाणपत्र स्वतः रद्द हुनेछ । इजाजत, अनुमति वा प्रमाणपत्र पुनः लिन चाहेमा यस नियमावली बमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ ।

---

♦ पहिलो संशोधनवाट थप ।

• तेश्रो संशोधनद्वारा संशोधित ।



⊕**८६क. रेडियो टेलिफोनी डेजिग्नेटर उपलब्ध गराउने :**

(१) आन्तरिक उडानको प्रयोजनका लागि वायुसेवा संस्थालाई महानिर्देशकले अनुसूची - १ बमोजिमको शुल्क लिई रेडियो टेलिफोनी डेजिग्नेटर उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रेडियो टेलिफोनी डेजिग्नेटर निर्धारण सम्बन्धी अन्य व्यवस्था महानिर्देशकले तोके बमोजिम हुनेछ ।

**८७. अधिकार प्रत्यायोजनः** यस नियमावली बमोजिम महानिर्देशकलाई भएको अधिकारहरु मध्ये केही अधिकार महानिर्देशकले आफू मातहतका अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**८८. अनुसूची हेरफेर र थपघट गर्न सक्नेः** प्राधिकरणले आवश्यकतानुसार अनुसूचीमा आवश्यक हेरफेर र थपघट गर्न सक्नेछ ।

**८९. बचाउः**

(१) गैर सैनिक हवाई उडान नियमावली, २०५२ बमोजिम प्रदान गरिएका सबै प्रकारका इजाजतपत्र, रेटिङ्ग तथा अन्य प्रमाणपत्रहरु यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक यसै नियमावली बमोजिम प्रदान गरिएको मानिनेछ । यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र नलेखिएको कुराको हकमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यी नियमावली प्रारम्भ हुनु पूर्व स्वीकृत भई लागू भएको एनेक्स तथा म्यानुअल यसै नियमावलीको अंश मानिनेछ ।

नोटः *"नेपाल अधिराज्य" भन्ने शब्दलाई "नेपाल राज्य", "श्री ५ को सरकार" भन्ने शब्दलाई "नेपाल सरकार" तथा "शाही नेपाली सेना" भन्ने शब्दलाई "नेपाली सेना" भनी रुपान्तरण गरिएकोछ ।*

---

⊕ तेस्रो संशोधनद्वारा थप ।

## •अनुसूची -१

(नियम ४(१), ५(२), ८(१) र (२), ९(१) र (३), १०(२), १०क(१), ११क(१), १२(१), १३(१) र (२), १८(३), १९(२), २१(१), २८(१) र (३), ३०(२) र (३), ३६।५), ३७(१), ३९(२), ४२(२), ४२क(१), ४३(१), ४४क(२), ४५(१) र (४), ५३(५), ५६(५), ८५(३), ८६(१), र ८६क(१) सँग सम्बन्धित)

**शुल्कः (यू.एस.डलरमा)**

**१. वायुसेवा संचालन अनुमति तथा प्रमाणपत्र** (AOC) : यो शुल्क सम्बन्धित वायुसेवाले संचालन गर्ने सबैभन्दा बढी तौलको वायुयानलाई आधार मानी असुल गरिने छ।

| वायुयानको प्रकार | अनुमति तथा प्रमाणपत्र | नवीकरण |
|---|---|---|
| **(क) अन्तर्राष्ट्रिय उडान तर्फ** | | |
| पहिलो ५७०० के.जी. सम्मको | | |
| (१) नियमित (सेड्युल्ड) अनिश्चित (नन्सेड्युल्ड) चार्टर तथा फ्रेटर प्रत्येकको | २५,०००।- | १०,०००।- |
| (२) त्यसपछि प्रत्येक दश हजार के.जी.सम्मको थप दस्तुर | २,०००।- | १,०००।- |
| **(ख) आन्तरिक उडान तर्फ** | | |
| पहिलो ५७०० के.जी. सम्मको | | |
| (१) नियमित (सेड्युल्ड), यात्रु, कार्गो, अनिश्चित (नन्सेड्युल्ड), चार्टर तथा फ्रेटरसमेत | १०,०००।- | ५,०००।- |
| (२) त्यसपछि प्रत्येक दश हजार के.जी.सम्मको थप दस्तुर | १,०००।- | ५००।- |
| (३) जनरल एभिएसन (ग्लाइडर, बेलुन आदि उडान) | २,५००।- | ५००।- |
| (४) अन्य कृषि सर्भे आदि उडान | २,५००।- | ५००।- |

**(ग)** वायुयान Fleet थपको प्रमाणपत्र दस्तुरको आधा।

**२. वायुयान दर्ता शुल्क :**

| | |
|---|---|
| (क) पहिलो ५७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलिकोप्टरको लागि। | ४००।- |
| (ख) त्यसपछिको प्रत्येक दशहजार के.जी.को लागि थप | २००।- |
| (ग) ग्लाइडर तथा बेलुनको | २००।- |

---

• तेश्रो संशोधनद्वारा संशोधित।



| | |
|---|---|
| (घ) पहिलो ५७०० के.जी.सम्मको उडान तौल भएको वायुयान तथा हेलिकोप्टर अस्थायी दर्ताको लागि। | १००।- |
| (ङ) त्यसपछिको प्रत्येक दशहजार के.जी.को अस्थायी दर्ताको लागि थप | ५०।- |

**३. वायुयान नामसारी शुल्क :**

| | |
|---|---|
| (क) पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलिकप्टरको लागि | दर्ता शुल्कको आधा |
| (ख) त्यसपछिको प्रत्येक दश हजार के.जी. को लागि थप | दर्ता शुल्कको आधा |
| (ग) ग्लाइडर र बेलुनको लागि | दर्ता शुल्कको आधा |

**३क. वायुयान रोक्का शुल्क :** १००।-

**३ख. वायुयान दर्ता परिवर्तन शुल्क :** वायुयान दर्ता शुल्कको आधा।

**४. टाइप प्रमाणपत्र मान्यता शुल्क :**

| | |
|---|---|
| (क) ग्लाइडर र बेलुनको ५,७०० के.जी. सम्मको | ६२५।- |
| (ख) ५७०० के.जी. देखि माथि अन्य वायुयानको टाइप प्रमाणपत्र शुल्क | १,२५०।- |
| (ग) खण्ड (ख) बमोजिमको टाइप प्रमाणपत्र को मान्यता शुल्क | १,२५०।- |
| (घ) ग्लाइडर र बेलुनको टाइप प्रमाणपत्रको मान्यता शुल्क | ६२५।- |

**५ वायुयान भाडा (लिज) सम्बन्धी शुल्क :**

| | |
|---|---|
| (क) भाडामा वायुयान लिने वा दिने गरी संचालन गरेमा | १,२२५।- |
| (ख) भाडामा लिएको वायुयानको स्वामित्व वा संचालन पविर्तन गरेमा | ३००।- |

**६. वायुयान दर्ता खारेजी :**

| | |
|---|---|
| (क) ५,७०० के.जी.भन्दा बढी उडान तौल भएका वायुयान तथा हेलिकप्टरको लागि | ३००।- |
| (ख) ५,७०० के.जी.भन्दा कम उडान तौल भएको वायुयान तथा हेलिकप्टरको लागि | १२५।- |
| (ग) ग्लाइडर र बेलुनको लागि | १००।- |

**७. उडान योग्यता (एयर वर्दिनेश) प्रमाणपत्र तथा नवीकरण शुल्क :**

| | प्रमाणपत्र | नवीकरण |
|---|---|---|
| (क) पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलिकोप्टरको लागि | २५००।- | प्रमाणपत्र शुल्कको आधा |
| (ख) त्यसपछिको प्रत्येक दश हजार के.जी.को लागि थप | ५००।- | प्रमाणपत्र शुल्कको आधा |
| (ग) ग्लाइडर र बेलुनका लागि | २००।- | प्रमाणपत्र शुल्कको आधा |

**८. वायुयान रेडियो मोवाइल वा अन्य प्रयोजन इजाजतपत्र तथा नवीकरण शुल्क(प्रति फ्रिक्वेन्सी)**

| | प्रमाणपत्र शुल्क | नवीकरण शुल्क |
|---|---|---|
| (क) पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलिकोप्टरको लागि वा अन्य प्रयोजन | १५०।- | ७५।- |
| (ख) पहिलो ५,७०० के.जी. भन्दा जतिसुकै बढी उडान तौल भएको वायुयान तथा हेलिकोप्टरको लागि वा अन्य प्रयोजन | ३२०।- | १६०।- |
| (ग) अन्य प्रयोजन | १००।- | ५०।- |

**९. वायुयान बाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एयरवर्दिनेस) शुल्क :**

| | |
|---|---|
| (क) पहिलो ५,७०० के.जी.सम्मको उडान तौल भएको वायुयान तथा हेलिकप्टरको लागि | ६२५।- |
| (ख) त्यसपछिको प्रत्येक दश हजार के.जी. को लागि थप | १२५।- |
| (ग) ग्लाइडर र बेलुनको | ५०।- |

**१०. वायुयान मर्मत संभार संस्थाको अनुमति तथा नवीकरण शुल्क :**

| | |
|---|---|
| वायुयान मर्मत सम्भार संस्थाको अनुमति शुल्क | २,५००।- |
| वायुयान मर्मत सम्भार संस्थाको नवीकरण शुल्क | १,२५०।- |
| वायुयान मर्मत सम्भार संस्थाको प्रमाणपत्रको मान्यता शुल्क | १,२५०।- |
| वायुयान मर्मत सम्भार संस्थाको प्रमाणपत्रको मान्यता नवीकरण शुल्क | ६२५।- |

**११. वायुयान, वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्रि वितरण गर्ने अनुमति शुल्क :**

| | |
|---|---|
| वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्रि वितरण गर्ने अनुमति शुल्क | २,५००।- |
| वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्रि वितरण गर्ने अनुमति नवीकरण शुल्क | १,२५०।- |
| ऐ.को प्रमाणपत्रको मान्यता शुल्क | १,२५०।- |
| वायुयानको पार्टपुर्जा आयात, संचय तथा बिक्रि वितरण गर्ने संस्थाको प्रमाणपत्रको मान्यता शुल्क | ६२५।- |

**१२.** वायुयान, वायुयान सम्बन्धी पार्टपुर्जा आयात तथा निर्यात गर्ने विदेशी वा हवाई उड्डयन सम्बन्धी कन्सल्टेन्सी सेवा



| | |
|---|---|
| सम्बन्धी अनुमति शुल्क | १,२५०।- |
| ऐ. को नविकरण शुल्क | १००।- |

**१३. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग परीक्षा शुल्क :**

| | |
|---|---|
| (क) वायुयान चालक आधारभूत परीक्षा प्रत्येक विषयको | १००।- |
| (ख) नियम ३३ अनुसारको वायुयान चालक परीक्षा (प्रत्येक प्राविधिक विषयको) | ५०।- |
| (ग) एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन प्रमाणपत्र (ए.एम.टी.) आधारभूत परीक्षा (प्रत्येक प्राविधिक विषयको) | १५।- |
| (घ) एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन प्रमाणपत्र (ए.एम.टी.) प्रत्येक क्याटेगोरी, रेटिंग तथा वायुयानको कामको किसिम अनुसार प्रत्येक परीक्षाको | ५।- |
| (ङ) खण्ड (क),(ख),(ग)र (घ) बमोजिम लिइने परीक्षा बाहेक अन्य प्रत्येक प्राविधिक परीक्षाको | ५०।- |
| (च) प्राधिकरणबाट लिइने प्राविधिक परीक्षाको आवेदन फाराम दस्तुर | ५।- |

**१४. व्यक्तिगत इजाजतपत्र, रेटिङ्ग तथा प्रमाणपत्र शुल्क :**

| | इजाजतपत्र,रेटिङ्ग तथा प्रमाणपत्र शुल्क | नवीकरण शुल्क |
|---|---|---|
| (क) विद्यार्थी वायुयान चालक प्रमाणपत्र | १५।- | ८।- |
| (ख) व्यक्तिगत वायुयान चालक इजाजतपत्र | १२५।- | ७०।- |
| (ग) परीक्षण,अस्थायी वा प्रतिबन्धित वायुयान चालक इजाजतपत्र | १२५।- | ७०।- |
| (घ) व्यापारिक वायुयान चालक इजाजतपत्र | ३५०।- | १७५।- |
| (ङ) एयरलाइन ट्रान्सपोर्ट वायुयान चालक इजाजतपत्र | ५००।- | २५०।- |
| (ङ१) बहुविधा वायुयान चालक इजाजतपत्र (Multiple Pilot Licence) | ५००।- | २५०।- |
| (च) इन्स्ट्रुमेण्ट रेटिङ्ग | ३०।- | १५।- |
| (छ) उडान इन्स्ट्रक्टर रेटिङ्ग | ४०।- | २०।- |
| (छ१)टाइप रेटिङ्ग इन्स्ट्रक्टर (TRI) प्रमाणपत्र | १००।- | ५०।- |
| (छ२)टाइप रेटिङ्ग इक्जामिनर (TRE) प्रमाणपत्र | १००।- | ५०।- |
| (छ३)सिन्थेटिक फ्लाइट इन्स्ट्रक्टर(SFI) प्रमाणपत्र | १००।- | ५०।- |
| (छ४)सिन्थेटिक फ्लाइट इक्जामिनर(SFE) प्रमाणपत्र | १००।- | ५०।- |
| (ज)ग्राउण्ड इन्स्ट्रक्टर प्रमाणपत्र | १५०।- | ७५।- |
| (झ)ग्लाइडर बेलुन चालक इजाजत | १००।- | ५०।- |
| (ञ)फ्लाइट अपरेशन अफिसर वा एयरक्राफ्ट डिस्प्याचर प्रत्येक टाइपको इजाजतपत्र | ७५।- | ४०।- |
| (ठ)उडान इन्जिनियर इजाजतपत्र | २५०।- | १२५।- |
| (ड)उडान रेडियो टेलिफोन | | |

| | | |
|---|---|---|
| संचालक इजाजतपत्र | १२५।- | ७०।- |
| (ढ) उडान रेडियो संचालक इजाजत | १२५।- | ७०।- |
| (ण) वायुयान रेडियो मोबाइल राख्ने इजाजतपत्र | १२५।- | ७०।- |
| (त) ग्राउण्ड रेडियो राख्ने इजाजतप्रत्येक फ्रिक्वेन्सीको | १२५।- | ७०।- |
| (थ) रेडियो नेभिगेशन संचालन इजाजतपत्र | १२५।- | ७०।- |
| (द) एयर ट्राफिक कन्ट्रोलर इजाजतपत्र | ५०।- | २५।- |
| (ध) एकभन्दा बढी किसिमको वायुयान रेटिङ्ग प्रत्येक टाइप रेटिङ्गको लागि | १२५।- | ७५।- |
| (न) हवाई उडान निरीक्षक प्रमाणपत्र | ७५।- | ४०।- |
| (प) चेक पाइलट परीक्षक प्रमाणपत्र | १२५।- | ७५।- |
| (फ) ट्रेनिङ्ग पाइलट अधिकारपत्र | १२५।- | ७५।- |
| (ब) विद्यार्थी एटीसी प्रमाणपत्र | १५।- | ८।- |
| (भ) एटीसी प्रत्येक इजाजतपत्र/रेटिङ्ग | ५०।- | २५।- |
| (म) एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन वा एयरक्राफ्ट मेन्टेनेन्स इन्जिनियर इजाजतपत्र | १५०।- | ७०।- |
| (य) एरोनटिकल स्टेशन अपरेटर र फ्लाइट सर्भिस अपरेटर इजाजतपत्र र रेटिङ्ग | ५०।- | २५।- |
| (र) ग्राउण्ड रेडियो संचालन प्रमाणपत्र | ५०।- | २५।- |
| (ल) एयर ट्राफिक सेफ्टी इलेक्ट्रोनिक्स प्रत्येक इजाजतपत्र/रेटिङ्ग | ५०।- | २५।- |
| (व) निरीक्षक प्रमाणपत्र | ७५।- | ४०।- |

(श) भ्यालिडेशन प्रमाणपत्र/भ्यालिडेशन लेटर वापत जुन लाइसेन्स/रेटिङ्गलाई भ्यालिडेशन गर्ने हो सोही सरहको शुल्क लाग्नेछ ।

(ष) इजाजतपत्र वा प्रमाणपत्रको प्रतिलिपीका लागि जारी शुल्कको आधा शुल्क लाग्नेछ ।

**१५. <u>नागरिक उड्डयन सम्बन्धी स्वीकृत प्रशिक्षण संस्था तथा विभिन्न नागरिक उड्डयन विषयगत ग्राउण्ड कक्षा संचालन लगायत परामर्श र एजेन्सी अनुमतिपत्र र नवीकरण शुल्क :</u>**

| | |
|---|---|
| (क) नागरिक उड्डयन सम्बन्धी स्वीकृत प्रशिक्षण संस्था संचालन अनुमतिपत्र शुल्क | २,५००।- |
| नागरिक उड्डयन सम्बन्धी स्वीकृत प्रशिक्षण संस्था संचालन अनुमतिपत्र नवीकरण शुल्क | १,२५०।- |
| (ख) उड्डयन क्रियाकलापसँग सम्बद्ध कन्सल्टेन्सी तथा जनरल सेल्स एजेन्ट अनुमतिपत्र शुल्क | २५०।- |
| नवीकरण शुल्क | १००।- |
| (ग) नागरिक उड्डयन सम्बन्धी ग्राउण्ड कक्षा संचालन अनुमतिपत्र शुल्क | १,०००।- |
| नवीकरण शुल्क | २५०।- |
| (घ) विदेशी प्रशिक्षण केन्द्र वा फ्लाइङ्ग स्कूलको मान्यता शुल्क | ५००।- |

**१६. <u>वायुयान प्रशिक्षण सिमुलेटर अनुमतिपत्र शुल्क :</u>**

| | |
|---|---|
| (क) वायुयान प्रशिक्षण सिमुलेटर संचालन अनुमतिपत्र | १२००।- |
| (ख) वायुयान प्रशिक्षण सिमुलेटर संचालन अनुमतिपत्र नवीकरण | ६००।- |
| (ग) वायुयान प्रशिक्षण सिमुलेटर मान्यता शुल्क | ५००।- |



**१७. <u>उडान अनुमति शुल्क :</u>**

| | |
|---|---|
| (क) अन्तर्राष्ट्रिय चार्टर उडानका लागि प्रति उडान | ५०।- |
| (ख) ड्रोन उडान अनुमति शुल्क | १०।- |
| (ग) प्रयोगमूलक उडान | १०,०००।- |
| (घ) जनरल एभिएशन(ग्लाइडर र बेलुन)पहिलो पन्ध्र दिनको लागि उडान अनुमति शुल्क | ५०।- |
| र त्यसपछिको प्रत्येक थप पन्ध्र दिनको लागि | २५।- |

**१८. <u>प्रज्वलनशील तथा खतराजन्य वस्तु तथा पदार्थ ओसार पसार गर्ने अनुमति पत्र शुल्क :</u>**

| | |
|---|---|
| (क) अनुमतिपत्र शुल्क-अन्तर्राष्ट्रिय वायुसेवा | २,०००।- |
| अनुमतिपत्र नवीकरण शुल्क | १०००।- |
| (ख) अनुमतिपत्र शुल्क-आन्तरिक वायुसेवा | १,०००।- |
| अनुमतिपत्र नवीकरण शुल्क | ५००।- |
| (ग) फ्रेटर संस्थालगायत अन्यका लागि अनुमतिपत्र शुल्क | ५००।- |
| नवीकरण शुल्क | २५०।- |

**१९. रेडियो टेलिफोनी डेजिग्नेटर (Radio Telephony Designator) शुल्क :** २००।-

द्रष्टव्य : नेपाली रुपैयाँमा तिर्न पाउने वायुसेवाले अमेरिकी डलरमा उल्लिखित शुल्क सो उडान भएको दिनको नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्रा विनिमयको बिक्री दर अनुसारको नेपाली रुपैयाँमा बुझाउन सक्नेछ ।

## अनुसूची - २

χ..................................................................

χ तेश्रो संशोधनद्वारा झिकिएको ।



## अनुसूची - ३

(नियम ८२ सँग सम्बन्धित)

<u>म्यानुअल, रिक्वायरमेण्ट्स तथा डाइरेक्टिभ्स</u>

१. फ्लाइट अपरेशन्स म्यानुअल
२. एयर ट्राफिक कन्ट्रोल म्यानुअल तथा रिक्वायरमेण्ट्स
३. फ्लाइट सर्भिस म्यानुअल
४. कम्यूनिकेशन म्यानुअल
५. एरोनटिकल इन्फर्मेशन पब्लिकेशन
६. अग्नि निवारण तथा जीवनोद्धार म्यानुअल
७. खोज तथा उद्धार म्यानुअल
८. हवाई सेवा सञ्चालन प्रमाणपत्र रिक्वायरमेण्ट्स (AOCR)
९. ट्रेनिङ्ग म्यानुअल
१०. विमानस्थल (एयरपोर्ट) म्यानुअल
११. एयर वर्दिनेश म्यानुअल
१२. विमानस्थल संकटकालीन योजना (एयरपोर्ट इमर्जेन्सी प्लानिङ्ग) म्यानुअल
१३. एरोनटिकल इन्फर्मेशन सर्भिसेज म्यानुअल
१४. एयर ट्रान्सपोर्ट म्यानुअल
१५. हवाई सुरक्षा म्यानुअल
१६. एयरवेज इन्जिनियरिङ्ग म्यानुअल
१७. फ्लाइट अपरेसन्स रिक्वायरमेण्ट्स (FOR)
१८. नेपाली सिभिल एयर वर्दिनेश रिक्वायरमेण्ट्स (NCAR)
१९. फ्लाइट स्टेण्डर्ड डाइरेक्टिभ्स
२०. एयर वर्दिनश डाइरेक्टिभ्स
२१. एरोनटिकल परिपत्रहरु (सर्कुलर)
२२. नोटाम (नोटिश टु एयर म्यान)
२३. प्राधिकरबाट सञ्चालन हुने (हवाई) उडान परीक्षण पद्धति निर्देशिका तथा कार्यविधि
२४. चरा चुरुंगी नियन्त्रण तथा विमानस्थल वरपर दिगो स्वच्छ वातावरण सम्बन्धी म्यानुअल
२५. उडान सुरक्षा निरीक्षण सम्बन्धी म्यानुअल
२६. विमानस्थल/हेलिप्याड म्यानुअल
२७. समय समयमा महानिर्देशकले तोकेका म्यानुअल्स ।

<u>नोट</u> :- सुरक्षा बाहेक अन्य म्यानुअल, रिक्वारमेण्ट्स तथा डाइरेक्टिभ्सहरु महानिर्देशकले तोकेको मुल्य तिरी खरिद गर्न सकिनेछ ।